NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

# कार्टर सेन्टरः नेपालको शान्ति प्रक्रियाका भूमिसम्बन्धी प्रतिबद्धताहरुको आंशिक मात्र पालना

**असार ८, २०६७**

**तत्काल प्रकाशनका लागि**

**सम्पर्क**

**एटलान्टामाः डेबोरा ह्याक्स, +१ ४०४-४२०-५१२४**

**काठमाडौंमाः स्यारा लेभिट-सोर, +९७७ १ ४४४-५०५५/१४४६**

**काठमाडौं...** आज प्रकाशित भएको एक प्रतिवेदनमा कार्टर सेन्टरले माओवादी तथा सन् २००६ पछिका सरकारहरुले नोभेम्बर २००६ को विस्तृत शान्ति सम्झौता तथा त्यसपछिका सम्झौताहरुमा अंकित भूमिसम्बन्धी प्रतिबद्धताहरुलाई आंशिक मात्र पालना गरेको पाएको छ । ती सहमतिहरुमा माओवादीले द्वन्द्वकालमा कब्जा गरिएका जग्गा फिर्ता गर्ने प्रतिबद्धता जाहेर गरेको थियो भने तत्कालीन सात दलीय गठबन्धनको सरकारले वैज्ञानिक भूमिसुधारका नीति निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो ।[१]

"यी लक्ष्यहरुतर्फ दुवै पक्षले प्रगति गरेका भए तापनि प्रतिबद्धताहरु पुरा गरिएका छैनन्," कार्टर सेन्टरका लोकतन्त्र कार्यक्रमका सह-निर्देशक डा. डेविड पोट्टीले भने । "दुवैपक्षका उचित गुनासाहरुलाई सम्बोधन गर्न तथा दीगो शान्ति हासिल गर्नका लागि जग्गा फिर्ता र भूमिसुधारका प्रयासहरु सँगसँगै अघि बढ्नु पर्छ ।"

यो प्रतिवेदन निर्वाचनपश्चातको शान्ति तथा संविधान निर्माण प्रकृयालाई जुन २००९ देखि नियालिरहेका कार्टर सेन्टरका पर्यवेक्षकहरुको देशैभरिबाट प्राप्त सबैभन्दा ताजा तथ्यहरुमा आधारित छ । सेन्टरले छ तराई र पाँच पहाडी तथा हिमाली गरि ११ जिल्लाका सरकारी अधिकारीहरु, राजनीतिक दलहरु, नागरिक समाज, जग्गाधनीहरु, मोहीहरु तथा स्थानीय बासिन्दाहरुसँगको अन्तर्वार्तामार्फत जानकारी संकलन गरेको थियो ।

सेन्टरका तथ्यहरुका अनुसार माओवादीहरुले द्वन्द्वकालमा कब्जा गरेका पहाडी र हिमाली क्षेत्र तथा तराईका केही क्षेत्रका अधिकांश जग्गाहरु फिर्ता गरिसकेको देखिन्छ । तथापि माओवादीहरुले द्वन्द्वकालमा सुदुर र मध्य पश्चिम तराईमा कब्जा गरेका अधिकांश जग्गा अझै फिर्ता नगरेको प्रतीत हुन्छ।

जग्गा फिर्ता भएका मामिलाहरु कुनै औपचारिक प्रक्रियाद्वारा नभै विशेष आधारमा प्रायःजसो जग्गाधनी व्यक्ति विशेष र माओवादीहरुबीचको प्रत्यक्ष सम्झौताद्वारा भएका छन् । जग्गा फिर्ता गर्ने वा नियन्त्रणमा राखिरहने सम्बन्धी माओवादी नीति सधैं नभए पनि प्रायसः माओवादीका जिल्ला र स्थानीय स्तरका प्रतिनिधिहरुबाट निर्णित छन् ।

द्वन्द्वकालीन जग्गा कब्जासम्बन्धी सरकारी अभिलेख निकै अस्पष्ट छ जसले कुनै जिल्लामा कति जग्गा कब्जा गरिएको थियो र कति फिर्ता गरिएको छ भन्ने निर्धारण गर्नका निम्ति लगभग असम्भव बनाएको छ । धेरै जग्गाधनीहरुले आफ्नो जग्गा कब्जा भएको भनेर कहिल्यै उजुरी गरेका छैनन् र आफ्नो जग्गा फिर्ता गर्नका लागि कानूनी र प्रशासनिक माध्यमहरु त्यस्ता मामिलाहरुलाई सम्बोधन गर्न असमर्थ वा उदासिन छन् भन्ने मान्यतामा तिनको उपयोग गर्न हिच्किचाइरहेका छन् ।

१ विस्तृत शान्ति सम्झौताको बुँदा ५.१.८ र ३.७

द्वन्द्वको अन्त्यपछि माओवादी तथा मातृका यादव नेतृत्वको नेकपा(मा) जस्ता अन्य समूहहरुबाट जग्गा कब्जाका नयाँ घटनाहरु भएका छन् । संचार माध्यममा आएका धेरै सांकेतिक कब्जाका घटनाहरु पनि छन् तर तिनमा कुनै जग्गा नियन्त्रणमा छैनन् । दलको झण्डा गाडेर र प्रेस वक्तव्य निकालेर धेरै समूहहरुद्वारा गरिने सांकेतिक कब्जाहरु समूहको हैसियत बृद्धि गर्न वा कुनै मुद्दामा ध्यान खिच्नका लागि गरिएका छन् ।

सेन्टरका तथ्यहरुका अनुसार भूमिसुधारका प्रतिबद्धताहरु पनि पूर्णतः कार्यान्वयन भएका छैनन् । सन् २००६ देखि दुई ओटा भूमिसुधार आयोग गठन भएका छन् - एउटा माओवादी नेतृत्वको अघिल्लो सरकार अन्तर्गत र अर्को नेकपा एमाले नेतृत्वको वर्तमान सरकार अन्तर्गत । नेकपा एमाले नेतृत्वको सरकारद्वारा हालै एउटा नयाँ भूमि उपयोग योजना प्रस्ताव गरिएको छ जुन एक सकारात्मक कदम हो, तर हालसम्म विस्तृत शान्ति सम्झौतामा भनिएअनुसारको वैज्ञानिक भूमिसुधारका नीतिहरु हालसम्म निर्माण वा कार्यान्वयन भएका छैनन् ।

कार्टर सेन्टर जग्गा फिर्ता एवं भूमिसुधारसँग सम्बन्धित अद्यावधिक प्रतिबद्धताहरुलाई अघि बढाउन नेपाल सरकार तथा माओवादीहरुका लागि निम्न सुझावहरु प्रस्ताव गर्दछः

**<u>जग्गा फिर्तासम्बन्धी सुझावहरु</u>**

- देशभरि कब्जा भएका जग्गाहरुको एक आधिकारिक, विश्वसनीय एवं निष्पक्ष अभिलेख निर्माण गर ।
- एनेकपा(मा) ले उसको नियन्त्रणमा रहेको पाइएका जग्गाहरु फिर्ता गर्नुपर्छ ।
- जटिल जग्गा फिर्ता प्रकरणहरुलाई सम्बोधन गर्नेगरिका संयन्त्रहरु निर्माण गर जसले क्षतिपूर्ति, पुनर्स्थापना, दीर्घकालीन सरकारी ऋण वा औचित्यअनुसार मोहीयानी अधिकारको वितरणसहितका विस्तृत सम्भाव्य समाधानहरु प्रदान गर्न सकून् ।
- एक विश्वसनीय एवं निष्पक्ष जग्गा फिर्ता अनुगमन संयन्त्र स्थापना गर ।

**<u>भूमिसुधारसम्बन्धी सुझावहरु</u>**

- सार्वजनिक र निजी जग्गाको विस्तृत अभिलेख निर्माण गर ।
- भूमिहीनताको एक अभिलेख तयार गर ।
- भूमिसुधारका सुझावहरुको अध्ययन गर्न एक अन्तर्दलीय कार्यसमिति गठन गर ।
- जग्गाका मुद्दाहरुमा समावेशी संवादका खातिर एक भूमि सम्मेलन आयोजना गर ।
- जग्गा स्वामित्वको हदबन्दीको सम्बन्धमा साध्य विधिमा सहमति गर ।
- सरकारले हालै अघि सारेको योजनामा आधारित हुँदै एक विस्तृत भू-उपयोग योजनामा सहमति गर ।
- भूमिसुधारका लागि साझा न्यूनतम कार्यक्रमको पहिचान गर र भूमिसुधार नीतिहरु लागू गर ।

नेपालको शान्ति तथा संविधान-निर्माण प्रक्रियाबारेको कार्टर सेन्टरका प्रतिवेदनहरु www.cartercenter.org मा प्राप्त गर्न सकिन्छ ।

####

*"शान्ति स्थापना, रोगविरुद्ध संघर्ष, भरोसाको निर्माण" का निम्ति लाभरहित उद्देश्यको एक गैरसरकारी संगठन द कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र प्रबर्द्धन, मानवअधिकार तथा आर्थिक अवसर, रोग निवारण, मानसिक स्वास्थ्य सचेतनाको वृद्धि गर्दै विकाशशील राष्ट्का किसानहरुलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशमा नागरिकहरुको जीवनलाई सुधार्न सहयोग गरेको छ । कार्टर सेन्टर सन् १९८२ मा पूर्व अमेरिकी राष्ट्पति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रबर्द्धन गर्न स्थापित भएको हो । कार्टर सेन्टरबारे अझ जान्न कृपया www.cartercenter.org को भ्रमण गर्नुहोस् ।*

## नेपालको शान्ति प्रक्रियामा भूमिसम्बन्धी प्रतिबद्धताहरुः अहिलेसम्म कति उपलब्धि भएका छन् ?

### विषयसूची


अ. परिचय

आ. कार्यविधि

इ. राजनीतिक सन्दर्भ

ई. नेपालको शान्ति पकृयामा भूमिसँग सम्बन्धित प्रतिबद्धताहरु

उ. सामान्य तथ्यहरु

ऊ. द्वन्द्वकालीन जग्गा कब्जाहरु
- क. तराई
- ख. पहाड र हिमाल

ए. द्वन्द्वपश्चातका जग्गा कब्जा र भोगचलन
- क. तराई
- ख. पहाड र हिमाल

ऐ. निष्कर्ष तथा सुझावहरु

## अ. परिचय

भूमि माथिको स्वामित्वले नेपालमा परम्परागत रुपले राजनीतिक, सामाजिक एवं आर्थिक शक्तिको आधार निर्माण गरेको छ [१]। राज्यको सन् १९५० पूर्वको सामन्ती भू-अधिकार प्रणालीले एउटा सानो र शक्तिशाली भूमि अधिपति वर्गलाई स्थापित गऱ्यो जसको भक्तिमा राजतन्त्र तथा राणा शासकहरु निर्भर हुन सके । सन् १९५० देखिका भूमिसुधारका अनेकौं प्रयासहरु यस असमान भु-स्वामित्वको ढाँचा परिवर्तन गर्न मुख्यतः असफल रहेका छन् । सन् २००९ को एक अध्ययनअनुसार १० प्रतिशतभन्दा कम ग्रामीण बासिन्दाहरु निजी जग्गामध्ये मोटामोटी एक तिहाईका मालिक छन् जबकि ग्रामीण जनसंख्याको आधाभन्दा बढी व्यवसायिक रुपमा भूमिहीन छन् अथवा भनौं जीवन निर्वाहका लागि आवश्यक जग्गा नै छैन ।[२] त्यसैगरी, लगभग १० प्रतिशत जनसंख्यासँग जग्गा नै छैन । भूमिको असमानता माओवादी द्वन्द्वको मूल कारक मानिन्छ र यो माओवादी[३]ले सन् १९९६ मा सशस्त्र संघर्ष सुरु गर्नुका कारणहरुमध्ये एक रहेको स्पष्ट उल्लेख गरिएको थियो । दशकलामो द्वन्द्वको अवधिमा माओवादीहरुले विशेषगरी राज्यको दक्षिणी तराई क्षेत्रमा हजारौं बिगाहा[४] निजी कृषियोग्य भूमि कब्जामा लिएर पुनर्वितरण गरे ।

सन् २००६ को विस्तृत शान्ति सम्झौतामा माओवादी तथा तत्कालीन-सात दलको गठबन्धनले द्वन्द्वको समयमा कब्जा गरिएका सम्पूर्ण जग्गा फिर्ता गरिने, वैज्ञानिक भूमिसुधारको नीतिनिर्माण गरिने, तथा द्वन्द्वपश्चात् दुवै पक्षले जग्गा कब्जा नगर्ने सहमति गरे । तत्पश्चात्का विभिन्न सम्झौताहरुमा बारम्बार दोहोऱ्याइएका विस्तृत शान्ति सम्झौताका ती शर्तहरुप्रतिको प्रतिबद्धता वर्तमानमा दुवै पक्षबाट अंशतः मात्र पालना गरिएका छन् । माओवादीहरुले द्वन्द्वको अवधिमा कब्जा गरिएका अधिकांश पहाडी तथा केही तराई क्षेत्रका जग्गाहरु फिर्ता गरेको देखिए पनि थुप्रै जग्गा फिर्ता नगरिएका घटनाहरु देखिएका छन् । त्यसैगरी सन् २००६ देखि दुई ओटा भूमिसुधार आयोगहरुको स्थापना भैसकेको भए तापनि विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएदेखि कुनै किसिमको नीति निर्माण भएको वा अङ्गीकार गरिएको छैन । अन्त्यमा, द्वन्द्वकालभन्दा धेरै न्यून नै भए पनि माओवादी तथा अन्य समूहहरु, खासगरी मातृका यादव नेतृत्वको नेपाल कम्यूनिष्ट पार्टी ( माओवादी) बाट जग्गा कब्जाका नयाँ घटनाहरु भएका छन् ।

यस प्रतिवेदनको उद्देश्य विस्तृत शान्ति सम्झौता तथा तत्पश्चात्का सहमतिहरुमा गरिएका भूमिसम्बन्धी प्रतिबद्धताहरुको समीक्षा गर्नु तथा यस अवधिमा ती प्रतिबद्धताहरु कति मात्रामा पूरा भएका छन् भन्ने प्रकाश पार्नु रहेको छ । यस प्रतिवेदनले मुख्यतः सन् २००६ देखि भूमिसुधारमा भएको प्रगति; माओवादीहरुद्वारा कहाँ, कहिले र कसरी जग्गा फिर्ता भयो; माओवादीहरुद्वारा कहाँ र किन जग्गा फिर्ता भएको छैन तथा द्वन्द्वपश्चात्को अवधिमा कसरी र किन जग्गा कब्जा भएका छन्, आदि विषयलाई समेट्दछ । यस प्रतिवेदनले विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका लक्ष्यहरु प्राप्त गर्न दुवै पक्षले अझै पूरा गर्नुपर्ने बाँकी कार्यहरुका बारेमा सुझावहरु समेत प्रस्तुत गर्दछ ।

**यो प्रतिवेदन कसरी पढ्ने सम्बन्धमा एक टिप्पणी**ः पहिलो, भुमिसुधार तथा जग्गा फिर्ता दुवै विस्तृत शान्ति सम्झौताका महत्वपूर्ण अङ्ग भए पनि यो प्रतिवेदनका पर्यवेक्षण खण्डहरु जिल्ला तथा स्थानीय तहका जग्गा फिर्ताका विवरणमा केन्द्रित छन् । भूमिसुधार हालसम्म आरम्भ नभएको राष्ट्रियस्तरको प्रकृया भएको कारणले गर्दा यसको कार्यान्वयनको पर्यवेक्षण गर्न कार्टर सेन्टर असमर्थ छ र त्यसैकारणले यसको गहन विवरण दिन समेत असमर्थ छ । यस विपरित जग्गा फिर्ता सन् २००६ देखि जारी स्थानीय-तहको पकृया हो जो पर्यवेक्षणीय छ । तथापि प्रतिवेदनभरि टिप्पणी गरिएजस्तै नेपालमा दीगो शान्ति कायम गर्नका लागि भूमिसुधार तथा फिर्ता दुवै आवश्यक भएको एवं दुवै सँगै अघि बढ्नुपर्ने कार्टर सेन्टरको मान्यता छ ।

दोस्रो, यो प्रतिवेदन नेपालमा भूमिसम्बन्धी समस्याहरुको विस्तृत सारांश होइन भन्ने उल्लेख गर्नु आवश्यक छ । थुप्रै विशेषज्ञ-कार्य यस अघि नै विद्यमान छन्, जस्तैः महेश सी. रेग्मीको "नेपालमा भूस्वामित्व" (सन् १९७७), र अझ भर्खरैको डा. जगन्नाथ अधिकारीको "नेपालमा भूमि सुधारः समस्या तथा सम्भावनाहरु" (डिसेम्बर २००८) र डा. लिज एलडेन विली, डा. देवेन्द्र चापागाईं तथा डा. शिव शर्माको "नेपालमा भूमिसुधारः कहाँबाट आउँदैछ र कहाँ जाँदैछ?" (अप्रिल २००९) । यी सामग्रीहरुले नेपालमा भूमिको बृहत सन्दर्भ तथा बृहत संरचनागत समस्याहरु तथा गुठीका जग्गा, मोहीयानी हक, महिलाका अधिकार, दलितका अधिकार, आदिवासी तथा सीमान्तकृत

---

[१] "नेपालमा भूस्वामित्व" (सन् १९७७), महेश सी. रेग्मी

[२] "नेपालमा भूमिसुधारः संक्षिप्त जानकारी- भूमिसुधार संक्षिप्त १, आजको नेपालमा ग्रामीण भूस्वामित्वबारे हामीलाई के जानकारी छ", बुँदा ४, "नेपालमा भूमिसुधारः कहाँबाट आउँदैछ र कता जाँदैछ?" बाट उदद्दृत (अप्रिल २००९), डा. लिज एल्डेन विली, डा. देवेन्द्र चापागाईं र डा. शिव शर्मा ।

[३] यस प्रतिवेदनले "एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)" र "माओवादी(हरु)" लाई एकअर्काको सट्टामा प्रयोग गरेको छ । प्रतिवेदनमा जहाँ जहाँ मातृका यादवको नेतृत्वको नेकपा (माओवादी) दलको सन्दर्भ राखेको छ, त्यहाँ दुई दलका नामहरुबीचमा स्पष्ट फरक सुनिश्चित गर्नका लागि मातृका यादवको नाम स्पष्ट उल्लेख गरिएको छ ।

[४] एक विगाहा जग्गा बराबर २० कट्ठा, १३.९ रोपनी, २२२ आना, ०.६७ हेक्टर, १.६ एकड, ८३१६.८ वर्गमिटर वा ७२९०० वर्ग फिट हुन्छ । विश्लेषणत्मक शब्दमा, एक विगाहा जग्गा एक अन्तर्राष्ट्रिय मापदण्ड-आकारको फुटवल मैदानभन्दा थोरै ठूलो हुन्छ ।

जनताका अधिकार, जग्गाविहीनता (मुक्त कमैया, हलिया, हरुवा-चरुवा[५] र बाढी पीडितहरु सहित) तथा अन्य मुद्दा समेतलाई बुझ्नका लागि सशक्त जग निर्माण गरेका छन् । यस्ता दीर्घकालीन समस्याहरुको सम्बोधन नेपालको सफल भूमिसुधारका लागि महत्वपूर्ण हुनेछ किनकि धेरै सन्दर्भमा यी मुद्दाहरु द्वन्द्वकालको जग्गा फिर्ताभन्दा अधिक सार्वजनिक चासोका रुपमा छन् । तथापि यी मुद्दाहरुलाई तिनको जटिलताप्रति न्याय दिनेगरी उजागर गर्नु यस प्रतिवेदनको क्षमता बाहिर छ ।

## आ. कार्यविधि

कार्टर सेन्टरको यस प्रतिवेदनमा समावेश गरिएका तथ्यहरु सन् २०१० फेब्रुअरीदेखि मेसम्म ११ जिल्लाका (छ तराई - कैलाली, दाङ, कपिलवस्तु, नवलपरासी, धनुषा र मोरङ, तीन पहाडी -रामेछाप, सुर्खेत र बैतडी, तथा दुई हिमाली - गोरखा र संखुवासभा) सरकारी अधिकारी, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, पत्रकार, जग्गाधनी तथा तिनका नातेदार, मोही तथा स्थानीय गाउँलेहरुसँग गरिएका अन्तर्वार्ताहरुमा आधारित छन् । यी जिल्लाहरु भौगोलिक सुझबुझका आधारमा तथा सन् २००९ को जुनदेखि २०१० को जनवरीसम्म पर्यवेक्षकहरुद्वारा संकलन गरिएका भूमिसम्बन्धी मामिलाहरुबाट हासिल गरिएका जानकारीका आधारमा छनौट गरिएका थिए ।

हरेक जिल्लामा पर्यवेक्षकहरुले द्वन्द्वकाल तथा द्वन्द्वपश्चात्को अवधिमा भएको जग्गा कब्जासम्बन्धी अवस्थाको जानकारी जिल्लातहमै संकलन गरे । पर्यवेक्षकहरुले द्वन्द्वकालमा कब्जा गरिएका जग्गा फिर्ता भएका थिए वा थिएनन् साथै विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर पश्चात् कहाँ जग्गा कब्जा भए भन्नेबारे अध्ययन-अनुगमन गर्नका लागि छुट्टाछुट्टै घटनाहरुको पहिचान गरे । पर्यवेक्षकहरुले गाउँ तहमा जग्गा कब्जा तथा/अथवा फिर्ताका छुट्टाछुट्टै घटनाहरुबारे अझ विस्तृत जानकारी प्राप्त गर्न उनीहरुले सम्भव भएसम्मका मोही, स्थानीय बासिन्दा, अवैध रुपमा बसेकाहरु, राजनीतिक दलका प्रतिनिधि तथा जग्गाधनीहरुसँग अन्तर्वार्ता गरे ।

कार्टर सेन्टरले हरेक जिल्लामा जग्गासम्बन्धी घटनाको अवस्था तथा सामान्य सारांश प्रदान गर्न सम्बन्धित विषयवस्तुको दायरा र आशयमा भएका भिन्नताको घटना-अध्ययनहरु तयार पारेको छ । प्रतिवेदनलाई व्यवस्थित बनाउने उद्देश्यले जिल्लाका घटनाहरुलाई पूर्वदेखि पश्चिम गरेर प्रस्तुत गरिएको छ । सेन्टरले जग्गा कब्जाका घटनाहरुमा संलग्न रहेका व्यक्ति वा परिवारका नाम उनीहरुको व्यक्तिगत सुरक्षाका कारणले प्रकाशन नगर्नु सही ठहऱ्याएको छ । त्यसैगरी, केही घटनाका विवरणहरुले व्यक्तिगत गोपनीयता तथा सुरक्षा भङ्ग गर्नसक्ने सम्भावना देखिएकाले तिनलाई सम्मिलित गरिएको छैन ।

प्रतिवेदनमा राजनीतिक दलको संलग्नतामा हालै कब्जा गरिएका सार्वजनिक जग्गाबारे जानकारी पनि समावेश गरिएको छ किनकि ती घटनाहरुमा पनि व्यक्तिगत जग्गा कब्जाजस्तै स्थिति पाइएको छ । उदाहरणका लागि, जग्गा भोगचलनका साथसाथै निजी जग्गा कब्जाका घटनामा संलग्न दलहरुले आफ्नो कार्यलाई औचित्य प्रदान गर्न भूमिविहीनताको समस्या, भूमिसुधार लागू गर्ने सरकारी असफलता तथा सार्वजनिक जग्गामा निजी जग्गाधनीहरुको अतिक्रमण आदिलाई कारण देखाएका छन् । जग्गा ओगट्ने तथा कब्जा गर्ने दुवै कार्य राजनीतिक दलले सरकारमाथि दबाव बढाउँदै जनसमर्थन प्राप्त गर्ने प्रयासका लागि बढ्दो माध्यम भएका छन् ।

## इ. राजनीतिक सन्दर्भ

नेपालको भूस्वामित्वको इतिहास थोरै परिवारले देशको सम्पूर्ण जमीनको असमानुपातिक परिमाणमा गरेको नियन्त्रणको कथा हो । सन् १९५० अघिका शाही र राणा शासनव्यवस्थाले आफ्नो शक्ति कायम राख्न र वफादारी सुनिश्चित गर्न जग्गाको वितरणलाई प्रयोग गरे । सुरुआतमा राज्य मालिक थियो र उसले 'रैकर' प्रणाली अन्तर्गत व्यक्तिहरुलाई जग्गा प्रदान गऱ्यो । रैकर जग्गा कृषकहरुले जोत्थ्यो प्रायजसो जसले जमिन्दार भनि चिनिएको एक कुलीन वर्गको मध्यस्थकर्तामार्फत राज्यलाई कर तिर्थ्यो । त्यस व्यवस्थापनबाट जमिन्दारले नाफा खान्थ्यो । व्यक्तिहरुलाई जग्गाको स्वामित्व विर्ता, जागिर तथा गुठी जस्ता विभिन्न अधिकार प्रणाली मार्फत दिइन्थ्यो । विर्ताअन्तर्गत शाही वा राणा शासनमा राजनीतिक वा सामाजिक सेवा गरेका र आफ्नो व्यवसायअनुरुप आर्थिक अवसर प्राप्त गर्न नसक्ने व्यक्तिहरुलाई जग्गा दिइन्थ्यो । जस्तैः पुजारी, धार्मिक गुरु, सैनिक तथा शाही वा राणा परिवारका सदस्यहरु । जागिरअन्तर्गत राज्यले कर्मचारी तथा कार्यनिर्वाहकजस्ता सरकारी सेवकहरुलाई जग्गा छुट्याउँथ्यो र गुठीअन्तर्गत धार्मिक र परोपकार संस्थाहरुलाई जग्गा प्रदान गरिन्थ्यो । जस्तैः मन्दिर, गुम्बा, विद्यालय, अस्पताल तथा अनाथालयहरु ।सन् १९५० पूर्वका यी अधिकार प्रणालीहरुको परिणामस्वरुप त्यसपछिका शासकहरु एउटा सानो तथा शक्तिशाली विशिष्ट वर्गलाई संरक्षण दिन सफल भए जसको बफादारितामा उनीहरु निर्भर गर्न सक्थे ।

---

[५] कमैया, हलिया र हरुवा-चरुवा बँधुवा मजदुर हुन् जो ऋण तिर्नका लागि काम गर्छन्; फरक ठाउँमा फरक शब्दको प्रयोग गरिन्छ; मध्य तथा सुदूर पश्चिम तराईका पाँच जिल्लामा बँधुवा मजदुर भनेको थारु जातका कमैयालाई जनाउँछ; हलियाले पहाडका मजदुरलाई जनाउँछ; र हरुवा-चरुवाले तराईका मजदुरलाई जनाउँछ ।

सन् १९५० पछिको नेपालको पहिलो प्रजातान्त्रिक कालको दौरान पुनर्स्थापित राजतन्त्रको मातहतमा भुमिसुधारको कार्यारम्भ भएको थियो । सन् १९६० को सुरुआतसम्ममा १९५० पूर्वको गुठीबाहेकको भूमि स्वामित्व प्रणाली खारेज गरियो र कर छुटसहितको विर्ता वापत दिइएको जमीनलाई करयोग्य निजी सम्पत्तिमा रुपान्तरित गरियो । यस अलावा, सीमित शक्तिशाली जग्गाधनीहरुको स्वामित्वमा रहेको ठूलो अंशको तराईको जंगललाई "वन राष्ट्रियकरण ऐन १९५७" द्वारा सार्वजनिक नियन्त्रणमा ल्याइयो । तथापि यी सुधारले नेपालको निजी भूस्वामित्वको विषम ढाँचालाई परिवर्तन गर्न भने सकेन किनकि खारेज गरिएको स्वामित्व प्रणालीअन्तर्गत जग्गा प्रदान गरिएका अधिकांश व्यक्तिहरु आफ्नो जग्गा जोगाउन सफल भए । सन् १९५९ मा "जोताहालाई जग्गा" नाराको प्रयोग गर्दै नेपाली कांग्रेस नेपालको प्रथम बहुदलीय निर्वाचनमा विजयी भयो र व्यापक भूमिसुधार कार्यक्रम घोषणा गर्ने चाहना गर्‍यो । तथापि राजतन्त्रको राजनीतिक समर्थनविना नेपाली कांग्रेस नेतृत्वको सरकारले आफ्नो १८ महिने अवधिमा आंशिक प्रगति मात्र गर्न सफल रह्यो ।

पञ्चायत कालमा राजतन्त्रले जमिन्दारहरुको सशक्त प्रतिरोधका विरुद्ध भूमिसुधारका लागि जनसमर्थनको सन्तुलन गर्ने प्रयास गर्‍यो जसको परिणामस्वरुप तीन दशकभन्दा बढीको अवधिमा श्रृंखलावद्ध कैयौं निष्प्रभावी सुधारहरु भए । सबैभन्दा सार्थक सुधार सन् १९६४ को भूमि ऐन थियो जसमा केही सकारात्मक व्यवस्थाहरु थिए - जग्गामा स्वामित्वको हद, स्वामित्वभन्दा बढीको पुनर्वितरणका लागि अधिग्रहण तथा मोहियानी हकको सुरक्षा । यसका बावजुद यसको खुद असर सीमित तथा कार्यान्वयन कमजोर वा अभावग्रस्त थियो । धेरै जग्गावालाहरु तोकिएको हदबन्दी बाहेकको जग्गा आफ्ना परिवारका सदस्यहरुको नाममा दर्ता गराएर जोगाउन सफल भए । मात्र ४४,००० बिगाहा, सापेक्षित रुपमा सामान्य परिमाणमा, जग्गा अधिग्रहण गरियो । तर ती जग्गा  भूमिविहीन वा कृषकलाई भन्दा पनि मुख्यतः पूर्व सैनिक कर्मचारीहरुलाई पुनर्वितरण गरियो । साथै ऐनले स्वामित्व सुरक्षा तथा भूमिकर नियन्त्रणसहित बृहत मोहियानी हकको तर्जुमा गरेको भए तापनि ती व्यवस्थाका फाइदाहरु कमजोर कार्यपद्धति तथा जग्गाधनीको मोहियानीप्रतिको कर्तव्यको कटौतिका कारण नराम्ररी प्रभावित भए ।

सन् १९९० को बहुदलीय प्रजातन्त्रको पुनर्वहालीपछि भुमिसुधारमा थोरै प्रगति भएको छ । सन् १९९४ मा नेकपा एकीकृत मार्क्सवादी लेनिनवादी (एमाले) नेतृत्वको सरकार अन्तर्गत एक भुमिसुधार आयोगको स्थापना भयो । तथापि यसले अघि सारेका सुझावहरु पनि नराम्ररी वेवास्ता गरिए । सुझावहरुमध्ये जग्गा हदबन्दीमा ठूलो कटौति उल्लेख्य थियो । जग्गाको हदबन्दीमा कटौति नै सन् १९९० देखि अहिलेसम्म सर्वाधिक उल्लेखनीय सुधार मापन हो जुन सन् १९९४ को आयोगद्वारा प्रस्तावितभन्दा सन् २००२ मा नेपाली कांग्रेस नेतृत्वको सरकारले दुई गुणा बढी गरेको थियो । तथापि, सन् १९५० देखि निर्मित सुधारका अन्य ऐन जस्तै यो मापदण्ड पनि असमान भूस्वामित्वको ढाँचालाई पर्याप्त सम्बोधन गर्न असफल रह्यो । यस्तो असमानता अप्रिल २००९ को एक अध्ययनमा पनि उजागर गरिएको थियो जसअनुसार ग्रामीण परिवारमध्ये ७.५ प्रतिशतसँग राज्यको कुल खेतियोग्य क्षेत्रमध्ये एक तिहाइ छ जबकि आधाभन्दा बढी ग्रामीण जनता व्यवसायिक रुपमा जग्गाविहीन छन्, जस्तो जीविकोपार्जनका आवश्यकता पूरा गर्न आवश्यक जग्गाको अभाव छ । कम्तीमा १० प्रतिशत ग्रामीण जनता - लगभग २३ लाख जनता वा ४८२,००० परिवार - आवासविहीन वा भूमिहीन पाइए ।[६]

माओवादीले सन् १९९० को मध्यतिर राज्य विरुद्ध सशस्त्र संघर्ष आह्वान गर्नुअघि उठाएका गुनासाहरुमध्ये एकपछि अर्को निर्मित सरकारहरुले असमान जग्गा वितरणलाई सम्बोधन गर्न नसकेको असफलतापनि एउटा थियो । फेब्रुअरी १९९६ मा माओवादीले तत्कालीन नेपाली कांग्रेस नेतृत्वसमक्ष एक "४० सूत्रीय माग" पेश गर्‍यो जसमा "सामन्ती प्रणाली अन्तर्गतका जग्गा जफत गरिनुपर्छ र त्यो भूमिहीन तथा घरबारविहीनलाई बाँडिनु पर्छ"[७] भन्ने पार्टीको अडान स्पष्ट रुपमा उल्लेख गरिएको थियो । आफ्नो विद्रोहकालमा माओवादीहरुले हजारौं बिगाहा जग्गा कब्जा गरेर एकतर्फी रुपमा आफ्नै भूमिसुधार कार्यसूची लागू गरे । फेब्रुअरी २००० को एक अन्तर्वार्तामा माओवादी अध्यक्ष प्रचण्डले जमिन्दारबाट कब्जा गरिएका जग्गा, खनजोत गर्न सकिने सार्वजनिक जग्गा तथा कृषकहरुका जग्गा गरि तीन किसिमका जग्गाहरु मिलाएर "कृषि आन्दोलन" सञ्चालन गरिरहेको बताए ।

> तराई क्षेत्रमा हामी जमिन्दारहरुसँग केही जमीन देख्छौं र हामीले ती जमीनहरु कब्जा गर्नुपर्छ र तिनलाई गरीब किसानहरुमा वितरण गर्नुपर्छ । समग्र हिमाली क्षेत्रमा यस्तो छैन, त्यहाँ सानासाना स्वामित्वहरु छन् र त्यहाँ ठूला जमिन्दार छैनन् । त्यसकारण, ती क्षेत्रमा हाम्रो मुख्य योजना सामूहिक खेती तथा उत्पादन क्रान्तिको सम्बन्धको विकास हो... हामी जब

---

[६] "नेपालमा भूमिसुधारः संक्षिप्त जानकारी- भूमिसुधार संक्षिप्त १, आजको नेपालमा ग्रामीण भूस्वामित्वबारे हामीलाई के जानकारी छ", बुँदा ४, "नेपालमा भूमिसुधारः कहाँबाट आउँदैछ र कता जाँदैछ?" बाट उदधृत (अप्रिल २००९), डा. लिज एल्डेन विली, डा. देवेन्द्र चापागाईं र डा. शिव शर्मा ।

[७] प्रधानमन्त्री शेर बहादुर देउवालाई ४ फेब्रुअरी १९९६ मा पेश गरिएको माओवादीको ४० सूत्रीय माग, बुँदा २७ । दीपक थापाद्वारा सम्पादित "नेपालमा माओवादी गतिविधिको बुझाई", २००३, पृष्ठ ३९४ ।

जमिन्दारहरुका जग्गा कब्जा गर्छौं ती जग्गा सामूहिक स्वामित्वका हुनेछन्... ती जग्गा जनसाधारणका जग्गा हुनेछन्, र सबै किसानहरु ती जग्गामा काम गर्नेछन्, र ती जग्गाबाट भएका आम्दानीहरु त्यसै क्षेत्रको सम्पत्ति हुनेछ ।[८]

अक्टोबर २००९ मा माओवादी उपाध्यक्ष डा. बाबुराम भट्टराईले भने, "'जमीन जोत्नेको' भन्ने सिद्धान्तमा सामन्ती जमिन्दारहरुको सम्पत्ति जफत गरेर किसानहरुलाई बाँड्नु जनयुद्धको समयको आधारभूत नीति थियो... समतल भूभागमा गुरिल्ला युद्ध गर्नु असहज थियो, त्यसैले हामी त्यहाँ गयौं र केही भूमिसुधार नीतिहरुको कार्यान्वयन गऱ्यौं ।"[९]

## ई. नेपालको शान्ति सम्झौतामा जग्गासम्बन्धी प्रतिबद्धताहरु

दशकलामो द्वन्द्व अन्त्य गर्ने नोभेम्बर २००६ को विस्तृत शान्ति सम्झौतामा माओवादी तथा तत्कालीन सात दल गठबन्धनले द्वन्द्वको अवधिमा कब्जा गरिएका सबै जग्गाहरु फिर्ता गरिने र वैज्ञानिक भूमिसुधारका नीतिहरु विकसित गर्न पाइला चालिने सहमति गरे । विशेष रुपमा दुवै पक्षले यस्तो सहमति गरे:

- "सशस्त्र द्वन्द्वको अवधिमा सरकारी, सार्वजनिक तथा निजी भौतिक संरचना, जग्गा तथा अन्य कब्जा गरेको, प्रयोग गर्न निषेध गरिएको सम्पत्तिको सूचि निर्माण गर्ने र तिनलाई तत्काल फिर्ता गर्ने ।"
- "सामन्ती भूस्वामित्वको अन्त्य गरेर वैज्ञानिक भूमिसुधार कार्यक्रमको सुरुआत गर्ने नीति अनुसरण गर्ने"
- "जग्गाविहीन, बँधुवा मजदुर तथा ग्रामीण किसानहरुलगायतका आर्थिक रुपले पिछडिएका त्यस्तै वर्गलाई जग्गा तथा अन्य आर्थिक एवं सामाजिक सुरक्षा प्रदान गर्ने नीति अनुसरण गर्ने ।"
- द्वन्द्वपछिको अवधिमा "कसैको पनि निजी सम्पत्तिलाई कानून बमोजिम बाहेक कब्जा वा नियन्त्रण गरिने छैन" ।[१०]

विस्तृत शान्ति सम्झौतापछिका सम्झौताहरुले यी शब्दावलीहरुलाई बारम्बार दोहोऱ्याएका छन् र माओवादीद्वारा जग्गा फिर्ता तथा भूमिसुधार नीतिहरुको अध्ययन गर्न आयोग गठनका लागि समयसीमाहरुको म्याद यसअघि नै समाप्त भैसकेको छ । विशेष रुपले:

- डिसेम्बर २००७ मा माओवादीले द्वन्द्वकालमा कब्जा गरिएका सबै निजी एवं सार्वजनिक जग्गा "एक महिनाभित्र" फिर्ता गर्ने प्रतिबद्धता जनाए । यस सहमतिलाई जिल्लास्तरमा कार्यान्वयन गरिन प्रमुख जिल्ला अधिकारीको मातहतमा एक संयन्त्र गठन गरिनु पर्ने थियो ।[११]
- जुन २००८ मा माओवादीले कब्जा गरिएका सबै सम्पत्ति "१५ दिनभित्र" फिर्ता गर्ने सहमति गरे । यस सम्झौतामा प्रशासनलाई अवरोधहरुका विरुद्ध कानूनी कारवाही गर्ने अधिकार प्राप्त थियो र एक राष्ट्रिय तहको सर्वदलीय अनुगमन समिति गठन गरिएको थियो ।[१२]
- दुवै सम्झौताहरु सम्पन्न भएको एक महिनाभित्र भूमिसुधार आयोग गठन हुनुपर्ने थियो ।
- त्यसैबीच, सन् २००७ को अन्तरिम संविधानले "सबै किसिमका सामन्तवादको अन्त्य गर्ने र यसलाई क्रमिक रुपमा कार्यान्वयन गर्ने", "वैज्ञानिक भूमिसुधारको नीति अनुसरण गर्न अघि बढ्ने", र "आर्थिक रुपले पिछडिएको वर्गलाई जग्गा वितरण गर्ने" शब्दावलीहरु समावेश गऱ्यो ।[१३]

---

[८] Revolutionary Worker को २० फेब्रुअरी २००० को अंक १०४३ को लि ओनेस्टोद्वारा प्रचण्डसँग गरिएको अन्तर्वार्ताबाट उद्धृत । दीपक थापाबाट सम्पादित "नेपालमा माओवादी गतिविधिको बुझाई" मा पुनर्मुद्रित, २००३, पृष्ठ २०२-२०३ ।

[९] *World People's Resistance Movement* ले २६ अक्टोबर २००९ मा डा. बाबुराम भट्टराईसँग गरेको अन्तर्वार्ताबाट उद्धृत । http://www.wprmbritain.org/?p=926

[१०] विस्तृत शान्ति सम्झौता, दफा ५.१.८, ३.७, ३.१० र ७.५.५, २१ नोभेम्बर २००६ । (शान्ति तथा पुनर्निमाण मन्त्रालयबाट अनुवाद प्रदान गरिएको, http://www.peace.gov.np/admin/doc/CPA_eng-ver-corrected.pdf मा उपलब्ध)

[११] माओवादीसहितका सात दलको २३ बुँदे सहमति, बुँदा ९, २३ डिसेम्बर २००७ । ( http://www.unmin.org.np/downloads/keydocs/2007-12-24-23.Point.Agreement.SPA.ENG.pdf मा उपलब्ध)

[१२] संविधान संशोधन तथा शान्ति प्रक्रियाको अग्रगमनका लागि राजनीतिक दलहरुबीचको सहमति, दफा ४, २५ जुन २००८ । ( http://www.unmin.org.np/downloads/keydocs/2008-06-25-Agreement.to.Ammend.Constitution.ENG.pdf मा उपलब्ध)

[१३] नेपालको अन्तरिम संविधान, अप्रिल २००७, दफा ३३(ग), (च) र (झ) ( http://www.unmin.org.np/downloads/keydocs/Interim.Constitution.Bilingual.UNDP.pdf मा उपलब्ध)

विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेदेखि अहिलेसम्म जग्गा फिर्ता तथा भूमिसुधारसम्बन्धी सम्झौताहरु दुवै पक्षबाट अंशतः मात्र सम्मान गरिएका छन् ।

***भूमिसुधार समितिहरुको कार्यान्वयनका अवस्था***

- डिसेम्बर २००८ मा माओवादी नेतृत्वको सरकारद्वारा एउटा भूमिसुधार आयोगको स्थापना भएको थियो र अक्टोबर २००९ मा एमाले नेतृत्वको सरकारद्वारा त्यसको पुनर्गठन भयो । मे २०१० मा आयोगले सरकारको मननका लागि आफ्नो प्रतिवेदन पेश गऱ्यो तर उक्त प्रतिवेदन हालसम्म सार्वजनिक गरिएको छैन । माओवादी नेतृत्वको सरकारअन्तर्गत बनेको आयोगले आफ्नो प्रतिवेदन पनि पेश गर्न पाउने अनुमतिका लागि सर्वोच्च अदालतमा एक रिट दायर गरेको छ र यो मुद्दा जुन २०१० सम्म यथावत रहेको स्थिति छ ।
- नेपालमा "सामन्ती भूस्वामित्व" को उन्मूलन भैनसकेको तर्क छ[१४] र सन् २००६ देखिका कुनै पनि सरकारले वैज्ञानिक भूमिसुधारका नीति ल्याएका वा कार्यान्वयन गरेका छैनन् ।
- विस्तृत शान्ति सम्झौतामा सूचिकृत गरिएका पिछडिएका समुदायहरुलाई जग्गा तथा आर्थिक सामाजिक सुरक्षा प्रदान गर्ने नीतिहरु पनि सन् २००६ देखिका कुनै पनि सरकारले पूर्णतः कार्यान्वयन गरेका छैनन् ।

***जग्गा फिर्ता समितिहरुको कार्यान्वयनका अवस्था***

- कब्जा भएका जग्गाहरुको विश्वसनीय तथा निष्पक्ष अभिलेख तयार गरिएको नभए पनि जनवरी २००९ मा गठन गरिएको संसदीय अनुगमन समितिद्वारा पहिलो कदम भने चालिएको थियो ।
- सम्पूर्ण नभए पनि द्वन्द्वकालमा कब्जा भएका केही जग्गा माओवादीहरुबाट फिर्ता गरिएको प्रतीत हुन्छ । अधिकांश फिर्ताहरु पूर्वी, मध्य र पश्चिमी तराई, र पहाड, हिमालहरुमा भएका छन् । तथापि, विशेषगरी मध्य र सुदुर पश्चिम तराईमा द्वन्द्वकालमा कब्जा भएका जग्गाहरु फिर्ता गरिएका देखिँदैनन् ।
- वर्तमानमा विभिन्न समूहहरुबाट जग्गा कब्जा जारी रहे तापनि ती द्वन्द्वकालको भन्दा धेरै कम छन् ।

### उ. सामान्य तथ्यहरु

**माओवादीले द्वन्द्वकालमा कब्जा गरेका अधिकांश जग्गा तराईका थिए । घटनाहरुको संख्याको आधारमा सुदुर तथा मध्य पश्चिम तराई सर्वाधिक प्रभावित भएका थिए ।** लक्षितहरु प्रायःजसो पञ्चायतकालका नेताहरु वा व्यापारी थिए र तीमध्ये धेरै व्यक्ति अनुपस्थित जमिन्दार थिए । उल्लेख्य रुपमा तराईमा कब्जा भएका अधिकांश जग्गाहरु या त कानूनी हदबन्दीभन्दा[१५] बढी भोगचलन गरिरहेका जमिन्दारका थिए या ती परिवारका थिए जसले भोगचलन गरिरहेको जग्गाको कूल परिमाण कानूनी हदबन्दीभन्दा बढी थियो । उल्लेख्य रुपमा पहाड र हिमालमा कब्जा भएका साना जग्गाहरु द्वन्द्वबाट विस्थापित भएकाहरुको थियो जुन जग्गा त्यसपछि माओवादीले कब्जामा लिएको थियो ।

**जग्गासम्बन्धी विस्तृत, विश्वसनीय र निष्पक्ष अभिलेख छैनन् जसका कारण कब्जा भएका जम्मा जग्गा, फिर्ता भएका र हुन बाँकी जग्गाको यथार्थ अनुमान लगाउन असम्भवप्रायः बनाएको छ ।** द्वन्द्वकालमा कब्जा गरिएका जग्गाको परिमाण तथा व्यक्तिगत जग्गा कब्जाका घटनाहरुको सरकारी अभिलेख यथार्थहीन छन् । द्वन्द्वकालदेखि वा त्यो अवधिभरमा आफ्नो जग्गा कब्जा भएको विवरण थुप्रै जग्गाधनीहरुले दिएकै छैनन् र स्थानीय सरकारी अधिकारीहरुले द्वन्द्वकालका जग्गा कब्जाका घटनाहरुको दस्तावेज बनाउने कार्य थालनी गरेकै छैनन् । परिणामतः कति जग्गा फिर्ता भयो अथवा कति अझै फिर्ता हुन बाँकी छ भन्ने निर्क्यौल गर्नका लागि सरकारी अभिलेखमा भर पर्न सम्भव छैन । विश्वसनीय अभिलेखको बदलामा फिर्ता गरिएको र नगरिएको जग्गाका सम्बन्धमा निष्कर्ष निकाल्न चाहने समूह वा व्यक्तिले जिल्ला प्रशासन कार्यालय, राजनीतिक दलहरु, नागरिक समाज संगठनहरु तथा एडभोकेसी फोरमले दिएका विवरणसहितका सरकारी तथा अनौपचारिक दुवै तथ्यांकलाई ध्यान दिनुपर्ने हुन्छ ।

---

[१४] उदाहरणका लागि हेर्नुहोस्, "नेपालमा भूमिसुधारः संक्षिप्त जानकारी", "नेपालमा भूमिसुधारः कहाँबाट आउँदैछ र कता जाँदैछ?"(अप्रिल २००९), डा. लिज एल्डेन विली, डा. देवेन्द्र चापागाईं र डा. शिव शर्मा, पृष्ठ ५७ ।

[१५] जग्गाको हदबन्दी क्षेत्रअनुसार फरक छ; तराईमा जग्गाको हदबन्दी ७.३ हेक्टर (लगभग ११ विगाहा) तोकिएको छ; पहाड र हिमालमा यो ३.७५ हेक्टर (लगभग ७५ रोपनि); र काठमाडौं उपत्यकामा १.५५ हेक्टर (लगभग ३० रोपनि ) छ । "नेपालमा भूमिसुधारः संक्षिप्त जानकारी- भूमिसुधार संक्षिप्त १, आजको नेपालमा ग्रामीण भूस्वामित्वबारे हामीलाई के जानकारी छ", बुँदा २, "नेपालमा भूमिसुधारः कहाँबाट आउँदैछ र कता जाँदैछ?" बाट उदद्दृत (अप्रिल २००९), डा. लिज एल्डेन विली, डा. देवेन्द्र चापागाईं र डा. शिव शर्मा, पृष्ठ १२१ ।

**तराईका केही जिल्लाहरुमा द्वन्द्वकालमा माओवादीद्वारा कब्जा गरिएका थुप्रै जग्गाहरु फिर्ता भैसकेको प्रतीत हुन्छ ।** औपचारिक तथा अनौपचारिक तथ्यांकहरुअनुसार धनुषामा द्वन्द्वकालमा माओवादीहरुद्वारा कब्जा भएका लगभग सम्पूर्ण जग्गाहरु फिर्ता भैसकेका छन् भने मोरङ र कपिलवस्तुमा आधाभन्दा बढी मुद्दाहरुको समाधान भैसकेको देखिन्छ । धनुषामा माओवादीहरुले अधिकांश जग्गा निःशर्त फिर्ता गरेको देखिन्छ । तथापि मोरङ र कपिलवस्तुमा माओवादीहरुले लक्षित व्यक्ति विशेषका केही जग्गाहरु नियन्त्रणमै राखेका छन् ।

**यस विपरीत, द्वन्द्वकालमा माओवादीहरुद्वारा मध्य तथा सुदुर पश्चिमी तराईमा कब्जा गरिएका अधिकांश जग्गा फिर्ता नभएको प्रतीत हुन्छ ।** पर्यवेक्षकहरुले कैलाली र दाङमा बहुसंख्यक जग्गा फिर्ता नभएको विवरण पाएका छन् । केही जग्गाहरु अंशतः वा शर्तसहितमात्र फिर्ता गरिएका छन् ।

**भ्रमण गरिएका पाँचमध्ये चार पहाडी र हिमाली जिल्लाहरुमा लगभग सम्पूर्ण जग्गा फिर्ता गरिसकिएको देखिन्छ ।** रामेछाप, गोरखा, सुर्खेत र बैतडीमा द्वन्द्वको दौरानमा कब्जा भएका लगभग सम्पूर्ण जग्गा पूर्णतः र निशर्त फिर्ता गरिएको छ । भ्रमण गरिएका जिल्लाहरुमध्ये संखुवासभा अपवाद देखिन्छ जहाँ माओवादीहरुले कब्जा गरेका अधिकांश जग्गाहरु यथावत आफ्नो नियन्त्रणमा राखेका छन् ।

**जग्गा फिर्ता गर्ने सम्बन्धी माओवादी नीति बृहत रुपमा जिल्ला तहका प्रतिनिधिहरुबाट तथा केही हदमा इलाका वा गा.वि.स. तहका प्रतिनिधिहरुबाट निर्णित देखिन्छ ।** धेरै घटनाहरुमा माओवादीहरुले जग्गा आफ्नो नियन्त्रणमा राखि राजनीतिक तथा आर्थिक फाइदा लिएका छन् । कब्जा गरिएका केही जग्गाहरुमा दलका कार्यकर्ताहरु, भूमिहीन जनता या किसानहरुलाई बसोबास गराएर उनीहरुको समर्थनमा राजनीतिक फाइदा तथा जग्गामा काम गर्ने जोताहाहरुबाट जग्गाधनीहरुले राखेको नियमको समदरमा वा त्योभन्दा फाइदाजनक हिसाबमा उब्जेको बालीको भाडा वा प्रतिशत लिएर आर्थिक फाइदा लिएका छन् । जहाँ कब्जा गरिएका जग्गाका अंशहरु थोरै उब्जनी हुने खालका साना थिए वा जहाँ भूमीहीन व्यक्ति वा किसान कम थिए त्यहाँ माओवादीहरुले थोरै जग्गा राखेका छन् ।

**अधिकांश घटनाहरुमा जग्गा फिर्ताका लागि कुनै औपचारिक प्रकृया छैन र अधिकांश जग्गा फिर्ता तीन भिन्न अन्तरालमा भएको देखिन्छः** यी अन्तरालहरुमा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएलगत्तै, सन् २००८ को संविधानसभाको निर्वाचनको केही अघि र माओवादीहरुले सन् २००८ अगष्टदेखि २००९ मे को अवधिमा सरकारको नेतृत्व गरिरहेको समय छन् । जग्गा फिर्ता सम्बन्धमा कुनै औपचारिक प्रकृया थिएन र जग्गा फिर्ता गर्ने शैली जिल्ला र घटनाअनुसार भिन्न भिन्न थियो । सामान्यतया, पहाड तथा हिमालमा विस्थापित भएपछि माओवादीहरुले कब्जा गरेको जग्गा फिर्ता लिन जग्गाधनीहरु थप विना अवरोध सक्षम भएको बताइयो जहाँ माओवादीका जिल्लातहका नेताहरुले त्यस जग्गामा उनीहरुले सबैखालका दावी त्यागेको स्वीकार गरेका थिए ।

**माओवादीहरुले लक्षित व्यक्तिहरुबाट कब्जा गरेका धेरै जग्गा शर्तसहित फिर्ता गरेका छन् जसमा जग्गाधनीलाई आफ्नो जग्गा फिर्ता लिन अनौपचारिक सम्झौताहरु गर्न बाध्य बनाइएको छ ।** शर्तसहित फिर्ताका घटनाहरुमा शर्तहरु जिल्ला तहका माओवादी प्रतिनिधिहरुबाट र कतैकतै तल्लो तहका कार्यकर्ताबाट भएको पाइएको छ । जस्तैः एकै समयमा ठूलो भुक्तानी, उब्जनीको अंश नियमित रुपमा माओवादीलाई दिनुपर्ने व्यवस्था, जग्गामा वर्तमानमा काम गरिरहेका मोहीको संरक्षण, अझ समान मोहीयानी व्यवस्था, जग्गाको एक अंश मोहीहरुलाई प्रदान, तथा/अथवा मोहिहरुको अधिकारमा वृद्धिलगायत जग्गा बिक्री गर्दा उनीहरुको मञ्जुरी लिनैपर्ने वा आर्थिक फाइदा दिनैपर्ने लगायतका छन् ।

**जग्गा फिर्ता भैसकेपछि केही जग्गाधनीहरुलाई जग्गा बेच्न बाध्य बनाइएका विवरण पनि छन् जसमा माओवादीहरुले उनीहरुलाई प्रायःजसो बजार मूल्यभन्दा धेरै कममा जग्गा बेच्न दवाव दिएका छन् ।** त्यस्ता घटनाहरुमा माओवादीहरुले बिक्रेता तथा/अथवा क्रेतासँग कमिशन लिएर वा जग्गा सस्तोमा खरिद गरेर खरिद मूल्यभन्दा धेरै बढिमा बिक्री गर्ने खरिदकर्ता बनेर दलालको रुपमा फाइदा लिएका छन् । यीमध्ये धेरै कारोबार निकै आकर्षक छन् र धेरै मामिलाहरुमा दल वा निश्चित माओवादी कार्याकर्तामध्ये कसले यी बिक्रीहरुबाट फाइदा लिएको हो स्पष्ट छैन ।

**केही जग्गाधनीहरु सहायताका लागि जिल्ला प्रशासनमा पुगे पनि अधिकांश व्यक्ति स्थानीय अधिकारीहरु जग्गा कब्जाका घटनालाई सम्बोधन गर्न असमर्थ वा अनिच्छुक हुने मान्यतामा कानूनी र प्रशासकीय माध्यम उपयोग गर्न उदासिन छन् ।** केही जग्गाधनीहरुले आफ्नो जग्गा पुनःप्राप्त गर्न राजनीतिक दल वा नागरिक समाजहरुको सहायता लिने प्रयास गरेको भए तापनि त्यस्ता माध्यमहरु विरलै सफल भएको देखिन्छ । धेरै जग्गाधनीले आफ्नो जग्गा फिर्ता गर्नका लागि उनीहरुले माओवादीसँग सम्झौता गर्नैपर्ने तथ्यलाई बृहत रुपले स्वीकार गरेका छन् । तथापि अधिकांश जग्गाधनीहरु माओवादीका शर्त मान्न इच्छुक छैनन् र उनीहरु राष्ट्रियस्तरबाट राजनीतिक समाधान पर्खिरहेका छन् ।

**द्वन्द्वको अन्त्य भएदेखि मुख्यतः माओवादी र नेकपा(मा)–मातृका यादवबाट जग्गा कब्जाका नयाँ घटनाहरु भएका छन् ।** विभिन्न घटनामा माओवादीहरुले या त दलको कार्यालय स्थापना गर्न वा दलका कार्यकर्ताको आवासका नाममा या व्यक्तिगत जग्गा विवादमा संलग्न असन्तुष्ट व्यक्तिहरुका लागि आर्थिक सहायताको अनुरोधको प्रत्युत्तरमा जग्गा वा सम्पत्ति कब्जा गरेका छन् । यस अलावा गत वर्ष विशेषगरी पूर्वी तथा मध्य तराईमा जग्गा कब्जा गरी भूमिहीन जनतालाई बसोबास गराउनमा नेकपा(मा)-मातृका यादवको सकृयता बढेको छ । नेकपा(मा)-मातृका यादवको जग्गा कब्जा गर्ने शैली द्वन्द्वको अवधिको माओवादीको जस्तै छ । सो दलले माओवादीले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरिसकेपछि फिर्ता गरिएका जग्गाहरुलाई पनि लक्षित गरिरहेको छ ।

**माओवादी र नेकपा(मा)–मातृका यादव दुवैले भूमिहीन जनता र किसानहरुद्वारा केही सार्वजनिक वा दर्ता नगरिएका जग्गाको भोगचलनलाई समर्थन गरेका छन् ।** भूमिहीन जनता र किसानहरुद्वारा निजी जग्गाको भोगचलन दशकौंदेखि जारी छ । यी भोगचलनमा स्थानीय सरकारी अधिकारीहरु प्रायः सहिष्णु बनेका छन् । राजनीतिक प्रश्रयका जग्गा भोगचलन पनि नौलो दृष्य होइन - नेपाली कांग्रेस र एमालेले समेत विगतमा अतिक्रमणकारीहरुलाई सहयोग गरेका छन् । तथापि माओवादी र नेकपा(मा)-मातृका यादवले सहायता गरेका हालैका भोगचलनहरु जनसमर्थन बढाउन वा सरकारलाई राजनीतिक दबाव दिनका लागि प्रयोग भैरहेको प्रतीत हुन्छ । केही ठाउँमा कम्तीमाओवादीहरुले अवैध रुपमा बसोबास गरिरहेकाहरुलाई जग्गा कब्जा गरिरहन निर्देशन नै दिएको बुझिन्छ । कम्तीमा एउटा घटनामा स्थानीय अधिकारीहरुसँग हिंसात्मक विवादतर्फ उत्तेजित बनाएको विवरण छ ।

**अन्त्यमा, थुप्रै  घटकहरुले सांकेतिक रूपमा जग्गा कब्जा गरेका छन् ।** माओवादी, नेकपा(मा)-मातृका यादव, अन्य दल र समूहहरु, सशस्त्र समूहहरु र साना वा अज्ञात समूहजस्ता थुप्रै घटकहरु "सांकेतिक" जग्गा कब्जामा संलग्न छन् तर त्यहाँ वास्तवमा कुनै जग्गा कब्जा गरिएका हुँदैनन् । सांकेतिक कब्जाहरु सामान्य अभ्यास भएका छन् जसमा साधारणतः दलको झण्डा गाड्ने र प्रेस वक्तव्य निकाल्ने भन्दा बढी अरु केही गरिन्न । यस्ता अभ्यासका उद्देश्यहरु फरक छन् । तर प्रायः यी अभ्यासहरु दलको क्रान्तिकारी परिचय प्रदर्शन गर्न, समूहको हैसियत बृद्धि गर्न वा कुनै उद्देश्यका लागि ध्यानाकर्षण गराउन र राजनीतिक समर्थन प्राप्त गर्न लक्षित छन् ।

## ऊ. द्वन्द्वकालीन जग्गा कब्जाहरु

### क. तराई

द्वन्द्वकालमा माओवादीहरु तराईमा जग्गा कब्जा गर्न सकृय थिए । पर्यवेक्षकहरुले भ्रमण गरेका जिल्लाहरुमा हजारौँ बिगाहा जग्गा कब्जा गरिएको विवरण छ जसमा सूदुर तथा मध्य पश्चिम तराईमा सर्वाधिक बढी जग्गा कब्जा भएको थियो । धनुषामा कब्जा गरिएका अधिकांश जग्गा फिर्ता भैसकेको देखिन्छ भने मोरङ र कपिलवस्तुमा आधाभन्दा बढी जग्गा कब्जाका घटनाहरुको निराकरण भैसकेको भए तापनि मोरङ र कपिलवस्तुमा लक्षित व्यक्तिहरुका केही जग्गा अझै माओवादी कब्जामै रहेको छ । माओवादीहरुले जग्गा नछाडेका धेरै घटनाहरुमा दलले किसानहरुबाट बालीको अंश वा भाडा भुक्तानी संकलन गरिरहेको छ । यस विपरीत कैलालीमा माओवादीद्वारा कब्जा गरिएका अधिकांश जग्गा फिर्ता भएको देखिँदैन । दाङको अवस्था पनि उस्तै छ जहाँ धेरै वा अधिकांश जग्गा कब्जाका घटनाहरुको समाधान भएको छैन । कैलालीमा माओवादीहरुले अधिकांश ठूला जग्गाहरु अझै नछाडेको देखिन्छ । उनीहरुले कानूनी हदबन्दीभन्दा बढी भएको दावी गरेका जग्गाका साथसाथै लक्षित व्यक्ति विशेषका धेरै साना जग्गाहरु पनि उनीहरुकै नियन्त्रणमा छ ।

***मोरङ***

मोरङमा कब्जा भएको जग्गाको परिमाण वा जग्गा फिर्ताका घटनाहरुको वास्तविक संख्याको विश्वसनीय अनुमान प्राप्त गर्न पर्यवेक्षकहरु असमर्थ भए । माओवादीका एक जिल्ला नेताको भनाइमा दलले २००० बिगाहा जति जग्गा कब्जा गरेको होला तथापि उक्त अनुमान अन्य स्रोतहरुबाट पुष्टि भएन । माओवादीका जग्गा कब्जाका थुप्रै घटनाहरु जिल्ला प्रशासन कार्यालयमा कहिल्यै उजुर भएनन् । स्थानीय प्रशासनले दिएको तथ्यांकअनुसार द्वन्द्वकालका पाँच ओटामात्र जग्गा कब्जाका घटनाहरु दर्ता गरिएका थिए । ती सबै माओवादीले गरेका कब्जाहरु थिए र जग्गा  नेपाली कांग्रेसका सदस्यका थिए । स्थानिय प्रशासनले दिएको विवरण अनुसार ती पाँच घटनाहरुमध्ये एकमा जग्गा फिर्ता भएको छ जबकि अन्य चार जग्गामा भूमिहीन जनता बसोबास गरिरहेका छन् । माओवादीका जिल्ला नेताले दलले कब्जा गरेका जग्गाहरु दुई प्रकारका जग्गाधनीको भएको दावी गरे । ती थिए: "ठूला जग्गाधनीहरु" जोसँग कानूनी हदबन्दीभन्दा बढी जग्गा थियो र ती जसले "आफ्ना मोहीलाई दुर्व्यवहार गर्थे" । ठूला जमिन्दारका केही जग्गा यथावत राखिएको छ र ती जग्गा फिर्ता गर्ने कुनै योजना नरहेको बुझिन्छ । नेपाली कांग्रेसका एक स्थानीय प्रतिनिधिले कब्जा गरिएको मध्ये "४० प्रतिशत" जग्गा अझै माओवादीको नियन्त्रणमा रहेको अनुमान लगाए । माओवादीले "पाँच प्रतिशत" घटनामा आफूहरुले कहिल्यै जग्गा फिर्ता नगर्ने बताए । उनको भनाइमा "जग्गा सामन्तीहरुको हो जोसँग ठूला क्षेत्रफलका जग्गाहरु छन् र त्यो उनीहरुले प्रयोग पनि गर्दैनन् ।" माओवादीहरुले आफ्नो नियन्त्रणमा राखेको जग्गाको उब्जनीबाट किसानहरुसँग एक चौथाई अंश लिइरहेको विवरण छ ।

माओवादीहरुले केही जग्गा जग्गाधनी र माओवादी प्रतिनिधिहरुका बीचमा अनौपचारिक सम्झौता गरी शर्तसहित फिर्ता गरेका छन् । एक मामिलामा माओवादीले सन् २००३ मा चन्दा दिन अस्वीकार गरेको भनिएकोले जग्गाधनीको ३५ बिगाहा जग्गा कब्जा गरे । उक्त परिवारलाई आफ्नो जग्गामा जानबाट वञ्चित गरियो तर मोहीहरुलाई जग्गामै रहन अनुमति दिइयो र उनीहरुले उब्जनीको एक अंश माओवादीलाई बुझाउनु पर्ने भयो । जिल्लास्तरीय माओवादी प्रतिनिधिहरुसँगको एक अनौपचारिक सम्झौता प्रकृया पश्चात् जग्गाधनी जग्गा प्राप्त गर्न त समर्थ भए । तर जग्गाधनीले माओवादीलाई एक पटक प्रति बिगाहा ने.रु. १००० र हरेक बाली भित्र्याइ सकेपछि वार्षिक मौसमी चन्दास्वरुप दललाई रु. ४०००-५००० दिने सहमति गरेको विवरण पाइयो । जग्गाधनीले माओवादीलाई जग्गा फिर्ता भएदेखि नियमित रुपमा मौसमी चन्दा बुझाइरहेको बताए । अर्को एक घटनाअनुसार सन् २००१ मा एक जग्गाधनीले चन्दा दिन अस्वीकार गरेपछि उनी पिटिए र विस्थापित गरिए । सन् २००३ मा जग्गाधनीले माओवादीहरुसँग सम्झौताको पहल गरेपछि जग्गा फिर्ता गरियो र उनी चन्दा दिन सहमत भए । त्यस बखतदेखि जग्गाधनी बिना समस्या फर्कन सक्षम भए ।

***धनुषा***

द्वन्द्वको दौरान कब्जा भएका जग्गाको परिमाणको आधिकारिक तथ्यांक प्राप्त गर्न सकिएन । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को अनुमानमा माओवादीले १२ परिवारका १५०० बिगाहा कब्जा गरे - यो कब्जा गरिएको मात्राको साथसाथै जिल्लामा भूस्वामित्वको असमानुपातिक संरचनाको एक संकेत हो । माओवादीका एक जिल्ला नेता आफ्नो दलले १० देखि १५ परिवारको स्वामित्वका ठूला जग्गाहरु मात्र कब्जा गरेको बताउँछन् ।

पर्यवेक्षकहरुले जिल्लामा माओवादीले लगातार अधीनमा राखेको जग्गाको कुनै पनि विश्वसनीय विवरण पाएनन् । माओवादीहरुले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गर्नेबित्तिकै आफूले कब्जा गरेका सम्पूर्ण जग्गाहरु फिर्ता गरेको दावी गरे । माओवादीका एक जिल्ला नेताले आफ्नो दलले वर्तमानमा कसैको जग्गा अधीनमा नराखेको र "जग्गाको मुद्दा माओवादीलाई पिट्ने लौरो मात्र भएको" बताए । माओवादीले जग्गा फिर्ता गरेको प्रकृया भिन्न भिन्न रहेको एक स्थानीय पत्रकारले बताए । मुख्यतः पहाडी जग्गाधनीले प्रायःजसो कुनै मधेसी मध्यस्थकर्तालाई भाडामा लिएर माओवादीसँग फिर्ताका शर्तहरुको सम्झौता गर्ने ढाँचा । पर्यवेक्षकहरुले तथ्य सुनिश्चित गर्न असमर्थ भए तापनि माओवादीहरुलाई केही भुक्तानी गरिने वा जग्गा बिक्री गरेर कमिशन दिने शर्तहरु भएको मानिएको छ ।

पर्यवेक्षकहरुले माओवादीद्वारा फिर्ता गरिएको भनिएको द्वन्द्वकालमा कब्जा गरिएका जग्गाका दुई ओओटा घटनाको अध्ययन गरे । एउटा घटनाअनुसार सन् २००१ मा एक गा.वि.स. मा माओवादीहरुले राजपरिवारका एक टाढाका सदस्यको ४५ बिगाहा जग्गा कब्जा गरे । जग्गाको ठूला रुखहरुले भरिएको एक तिहाइ भाग माओवादीहरुले फँडानी गरे र बेचे । जग्गा कब्जा गरेको छ महिनापछि माओवादीहरुले जग्गा छाडेको विवरण पाइयो र जग्गा द्वन्द्वको अन्त्यसम्म बाँझै रह्यो । जग्गाधनी जग्गा कब्जा भएको केही समयमै बिते । तथापि उनको परिवारले त्यस अवधिमा जग्गाबाट केही आँप बालीहरु उठाउन सफल भएको बताइएको छ । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भैसकेपछि माओवादीहरुले जग्गा खुला गरे । एक सम्पन्न जग्गा व्यापारीले त्यो जग्गा खरिद गरे र साना साना प्लटमा विभाजन गरे जो एकपछि अर्को गर्दै बेचियो । केही जग्गा गाउँको एउटा विद्यालयलाई पनि दान गरियो ।

अर्को घटनामा माओवादीहरुले एक पूर्व पञ्चायती मन्त्रीको दुई गा.वि.स.मा फैलिएको लगभग ३०० बिगाहा जग्गा कब्जा गरे । जग्गाधनीको परिवारले राज्यलाई जानकारी दिएको आरोपमा माओवादीले उक्त परिवारलाई त्यस क्षेत्रबाट विस्थापित गरे, घटनाको परिणाममा पाँच गाउँले र दुई माओवादीको मृत्यु भयो । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि माओवादीहरुले उक्त जग्गा जग्गाधनीलाई फिर्ता गरेनन् न त उनीहरुले त्यस जग्गा आफ्नो नियन्त्रणमै राखे । त्यसबेलादेखि एक गा.वि.स. को जग्गामा आठ वा नौ स्थानीय शक्तिशाली गाउँलेहरुले दावी गरिरहेका छन् भने अर्को गा.वि.स.को अधिकांश जग्गा नेकपा(मा)-मातृका यादवले अन्दाजी एक वर्षदेखि कब्जा गरिरहेका छन् । (थप जानकारीका लागि खण्ड ए "द्वन्द्व-पश्चात्का जग्गा कब्जा र भोगचलन" हेर्नुहोस्)

***कपिलवस्तु***

पर्यवेक्षकहरुले जिल्लामा जग्गा कब्जाका संख्याहरुमा निकै फरक पाए । स्थानीय प्रशासनले द्वन्द्वको अवधिमा माओवादीद्वारा भएका जग्गा कब्जाका तीन ओटा मात्र आधिकारिक तथ्यांक देखाए । तथापि इन्सेकको अनुमानमा द्वन्द्वको अवधिमा लगभग ५० परिवारका जग्गा कब्जा भएका थिए । इन्सेकको विवरण अनुसार, केही मुद्दा मात्र अहिलेसम्म समाधान भएका छैनन् । तमलोपाका एक प्रतिनिधिले लगभग "द्वन्द्वको बेलामा कब्जा भएका जग्गाका घटनाहरुमध्ये ९० प्रतिशत मिलिसकेको" अनुमान गरे । मधेशी मानवअधिकार गृहका प्रतिनिधिहरु द्वन्द्वकालमा भएका प्रायः सबै जग्गा विस्तृत शान्ति सम्झौताको हस्ताक्षरपछि "चुपचाप फर्काइएको" मान्दछन् । अधिकांश जग्गा फिर्ता गरिएको मानिए तापनि केही फर्स्यौट हुन नसकेका जग्गा कब्जाका घटनाहरु छन् जो जिल्ला प्रशासनमा कहिल्यै पनि खबर गरिएका छैनन् र जग्गा अझै माओवादीकै अधीनमा छन् ।

पर्यवेक्षकले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएपछि जग्गा फिर्ता गरिएको एक घटनाको अनुगमन गरे । माओवादीहरुले सन् २००४ मा एक गाविसको वरिष्ठ प्रहरी अधिकारीसँग नाता जोडिएको एक परिवारको १० बिगाहा जग्गा कब्जा गरे । स्थानीय नागरिकका अनुसार कब्जाको घटनालाई माओवादीहरुले स्थानीय एफएम रेडियोमा प्रशारण गरे । सयौं माओवादी लडाकूले घर लुटे र जग्गामा अधिकार जमाए । सन् २००७ को पूर्वाद्धमा प्रमुख जिल्ला अधिकारीको आयोजनामा भएको सर्वदलीय बैठकमा माओवादीहरु जग्गा निःशर्त फिर्ता गर्न राजी भए । फिर्ताको घोषणा स्थानीय एफएम रेडियोबाट पनि भएको थियो । उक्त परिवार त्यसैबेलादेखि स्थायी रुपमा काठमाडौंमा सऱ्यो र आफ्नो केही जग्गा गाउँकै छिमेकीलाई बिक्री गऱ्यो ।

माओवादीहरुले स्थानीय एक पञ्चायतकालीन नेताको परिवारको जग्गा कब्जा गरेर फिर्ता नगरेको एक घटनाको पर्यवेक्षकहरुले अनुसन्धान गरे । अर्को गा.वि.स.मा माओवादीले सन् २००२ मा २४ बिगाहा जग्गा कब्जा गरे जसमा एक जग्गाधनीको १६ बिगाहा र बाँकी उनका दुई दाजुभाईको थियो । जग्गा कब्जाले विस्थापित भएपछि जग्गाधनी र उनका दाजुभाई काठमाडौंमा सरे । उक्त जग्गामा स्थानीय थारु तथा दलित परिवार सरेको विवरण छ र धेरै अझै पनि विद्यमान छन् । वर्तमानमा उक्त जग्गामा खनजोत गर्ने १५ परिवार उब्जेको बालीको कम्तीमा आधा माओवादीलाई बुझाउने गर्छन् । सन् २००६ को विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएलगत्तै जग्गाधनीले आफ्नो जग्गा फिर्ता लिने प्रयास गरे । तथापि उनलाई स्थानीय गाउँलेहरुले त्यसो गर्न नदिएको बताइएको छ । त्यसपश्चात् उनले स्थानीय प्रशासन, स्थानीय शान्ति समिति तथा एडभोकेसी फोरमलाई आफ्नो जग्गा पुनःप्राप्त गर्न मध्यस्थता र सहयोग गर्न आग्रह गरे तर त्यो उपयोगी भएन । सन् २००८ मा जग्गाधनीले स्थानीय माओवादी नेताहरुलाई भेटे जसले उनलाई जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गर्न वा माओवादीका केन्द्रिय तहका नेताहरुसँग बसेर छिनोफानो गर्न भने । उनले आफ्नो मुद्दा जिल्ला प्रशासन कार्यालयमा दर्ता नगरेको बताइयो र उनले केन्द्रिय तहका नेताहरुलाई पनि कहिल्यै नपछ्याएको पर्यवेक्षकहरुले जानकारी पाए । पछि जग्गाधनीको निधन भयो र उनको परिवारले त्यसबेलादेखि जग्गा पुनःप्राप्त गर्ने प्रयत्न गरेको छैन ।

अन्त्यमा, जग्गा फिर्ता भएका तर माओवादीले प्रतिशोध लिने डरले जग्गाधनीहरु फेरि स्थायी रुपमा बसोबास गर्न भयभित रहेका धेरै घटनाहरुबारे पनि पर्यवेक्षकहरुलाई बताइयो । ती व्यक्तिहरु द्वन्द्वकालमा माओवादीसँग लड्नका लागि सरकारद्वारा प्रश्रय दिइएको तर अहिले विघटित भैसकेको सुरक्षा समूहका पूर्व सदस्यहरु भएको बताइएको छ । अन्तर्वार्ता गरिएका धेरैका अनुसार २७ जना जति सुरक्षा समूहका सदस्यहरु आफ्नो सम्पत्तिसम्म पुग्न सक्छन् तर आफ्नो गाउँमा स्थायी रुपमा फर्केका छैनन् । पूर्व सुरक्षा समूहका सदस्यहरुले स्थानीय प्रशासनमा घटना दर्ता गर्न वा माओवादीसँग छलफल गर्न कुनै तरिका अपनाएका छन् वा छैनन् स्पष्ट छैन । एक नागरिक समाज प्रतिनिधिका अनुसार, "अदालतमा जग्गा वा राजनीतिको थोरै पनि गन्ध आउने मुद्दाहरु शून्य छन् किनकि सबै माओवादीहरुसँग धेरै डराएका छन्... र स्थानीय सरकारसँग कुनै शक्ति छैन ।"

*दाङ*

पर्यवेक्षकहरु कब्जा भएको सार्वजनिक तथा निजी जग्गाको परिमाणको विश्वसनीय तथ्यांक पाउन असमर्थ भए, तथापि विभिन्न लेखाजोखाका अनुसार लगभग केही हजार बिगाहा माओवादीबाट कब्जा भएको अनुमान छ । जिल्ला प्रशासन कार्यालय र स्थानीय शान्ति समिति जग्गाधनीले दर्ता गरेका घटनाहरुको संख्या पत्ता लगाउँदैछन् । अगष्ट २००९ मा जिल्ला प्रशासन कार्यालयसँग जग्गा कब्जासँग सम्बन्धित समाधान हुन बाँकी रहेका ४० घटनाहरुको तथ्यांक थियो जसमध्ये धेरै नेपाली कांग्रेसआबद्ध व्यक्तिहरुको रहेको बताइएको छ । स्थानीय शान्ति समितिका एक प्रतिनिधिको अनुमानमा लगभग ३० ओटा घटना दर्ता भएका छन् । थोरै जग्गा भएका अधिकांशले आफ्नो जग्गा २००८ को संविधानसभा निर्वाचनतिरकै समयमा वा एनेकपा(मा) ले सरकारको नेतृत्व गरिरहेको बेलामा फिर्ता पाएको बताइएको छ ।[१६]

पर्यवेक्षकहरुले २००८ मा घोराहीमा भएको एक सर्वदलीय कार्यक्रममा माओवादीहरुले घोषणा गरेपछि निःशर्त जग्गा फिर्ता भएको घटनाको पहिचान गरे । जग्गाधनीका अनुसार माओवादीहरुले कब्जा गरिएका ५२ ओटा जग्गाहरु सन् २००८ को संविधानसभा निर्वाचन अघि नै फिर्ता गर्ने घोषणा गरे । तथापि उनको जानकारीमा उनकै मात्र जग्गा साँच्चै मुक्त गरिएको थियो । विगतमा जग्गा फिर्ताका सम्बन्धमा दाङमा जिल्ला तथा राष्ट्रियतहका माओवादी नेताहरुले निकै सार्वजनिक वक्तव्यवाजी गरिसकेका छन् जसमा माओवादी उपाध्यक्ष डा. बाबुराम भट्टराईले जून २००७ को उनको जिल्ला भ्रमणको दौरानमा गरेको प्रतिबद्धता सर्वाधिक उल्लेख्य छ । ती विज्ञप्तिहरुलाई स्थानीय अधिकारी, नागरिक समाज तथा जग्गाधनीहरुले व्यापक रुपमा खोक्रा वाचा ठानेका छन् । त्यस्ता वक्तव्य विपरित

[१६] यो लेखिरहेको समयमा स्थानीय शान्ति समिति जग्गा कब्जाका घटनाहरुको अनुसन्धान गरिरहेको भए पनि माओवादीहरु सरकार विरुद्धका आफ्ना विरोध कार्यक्रमहरुको हवालामा ती समितिहरुमा सहभागी हुन अस्वीकार गरिरहेका थिए । माओवादीका एक जिल्लाप्रतिनिधिले जग्गा मुद्दाहरुलाई सम्बोधन गर्नका लागि स्थानीय शान्ति समितिको भूमिकामा प्रश्न उठाएः "यो स्थानीय शान्ति समितिभन्दा माथिको राष्ट्रिय मुद्दा हो । यसलाई क्रान्तिकारी भूमिसुधारमार्फत सम्बोधन गरिनु पर्छ ।"

माओवादीहरुले लक्षित व्यक्तिहरुका जग्गा आफ्नो नियन्त्रणमा राखिरहेका छन् । विभिन्न तथ्यांकका अनुसार माओवादीहरुले जग्गा मुक्त नगरिने गरि १५ जना जति जग्गाधनीहरुको नाम छुट्याएका छन् ।

मोहीयानी व्यवस्थाहरुलाई सम्मान गरिरहेको संकेत दिने सरकारी कागजातको अभावबाटै जग्गा अझै कब्जामै छ वा फिर्ता भैसक्यो भन्ने निश्चित गर्न विशेष चुनौती भएको थाहा हुन्छ । धेरै मामिलाहरुमामा जग्गाधनी र मोहीहरुको बीचमा दुवैले लिएको बालीको अंशको दस्तावेज राख्ने रसीदको प्रणाली नै छैनन् । कागजी अभिलेखको अभावले केही जग्गाधनीहरुले बालीको अंश पाइरहेका छैनन् भनी गरेको गुनासाहरुलाई रुजु गर्न असहज बनाउँछ । पर्यवेक्षकहरुले पहिचान गरेको एक मामिलामा जग्गाधनी र उनका छोराले बालीको अंश नपाएको दावी गरे भने छिमेकी जग्गाका मोही र किसानहरुले जग्गाधनीकी श्रीमतीले भर्खरै बाली संकलन गरेको बताए । अर्कोमा, जग्गाधनीका एक नातेदारले द्वन्द्वकालमा जग्गा कब्जा भएदेखि मोहीले उनीहरुलाई बालीको अंश नदिएको दावी गरे । तथापि मोहीले भने माओवादीले दवाव नदिउन्जेल दुई वर्षअघिसम्म बाली भुक्तानि गरेको दावी गरे ।

सामान्यतया आफ्नो जग्गा फिर्ता गर्न जग्गाधनीहरुले माओवादीसँग अनौपचारिक सम्झौता प्रक्रियामा सहभागी हुनैपर्ने देखिन्छ । माओवादीका जिल्ला प्रतिनिधिहरुले दलले जग्गा फिर्ता गर्दा दुई शर्त राखेको बताए: १) मोहीको सहमति बिना जग्गा बेच्न पाइने छैन र कारोबारबाट मोहीले रकम वा जग्गा पाउनै पर्छ, र २) वर्तमानमा रहेका मोहीहरु जग्गामा रहिरहन पाउनेछन् । गा.वि.स. तहमा माओवादी प्रतिनिधिहरुले फिर्ताका लागि अन्य शर्तहरु तर्जुमा गर्छन् । उदाहरणका लागि, दाङको एक गा.वि.स. का स्थानीय माओवादीहरुले जग्गाधनीले भाडाको रुपमा लिइरहेको आधा अंशको विपरीत बाली उब्जनीको एक चौथाइ मात्र लिन स्वीकार गर्नुपर्ने शर्त राखे । यो शर्त जग्गाधनीद्वारा अस्वीकार गरियो र त्यसैकारण जग्गा फिर्ता भएन ।
पर्यवेक्षकहरुले जिल्ला तथा गा.वि.स. तहमा थुप्रै विश्वसनीय र तर्कसंगत विवरणहरु सुने जसअनुसार माओवादीहरुले फिर्ता गरिएका र नगरिएका जग्गाहरुबाट तीन किसिमले फाइदा लिइरहेका छन्:

- पहिलो, फिर्ता नभएका केही जग्गाहरुमा माओवादीहरुले उब्जनीबाट अंश लिइरहेको मोहीहरु दावी गर्दछन् । एकजना मोहीले आफूले माओवादीहरुलाई एक तिहाई उब्जनी अंश दिइरहेको बताए जबकि अर्काले केही सन्दर्भहरुमा माओवादीहरुले लगभग आधा हिस्सा लिइरहेको बताए ।
- दोस्रो, फिर्ता गरिएका केही जग्गामा माओवादीहरु जग्गाधनीहरुलाई उनीहरुको जग्गा बजार मूल्यभन्दा घटिमा माओवादी-सम्बद्ध क्रेतालाई बेच्न दबाव दिइरहेको बताइन्छ ।
- तेश्रो, माओवादीहरु जग्गा बिक्री भैसकेपछि बिक्रेता, क्रेता वा दुवैबाट रकम भुक्तानीको माग गरिरहेको बताइन्छ । एक व्यापारीले आफूले पछि होटल निर्माण गरेको जग्गा किनिसकेपछि उनलाई एक माओवादी कार्यकर्तालाई रु. ८००,००० भुक्तानी गर्न दबाव दिइएको बताए ।

यी बिक्रीका लाभग्राही सधैं स्पष्ट नभए पनि नागरिक समाजका सदस्यहरु गएको दुई वर्षमै केही कार्यकर्ताहरुको देखिने सम्पत्तिमा तीव्र र नाटकिय बृद्धिको प्रमाणका साथ माओवादीले व्यक्तिगत रुपमा यस्ता कारोबारबाट फाइदा लिइरहेको दावी गर्छन् ।

यस विपरीत, कार्टर सेन्टरका पर्यवेक्षकहरुले अनुसन्धान गरेका केही अरु मामिलाहरुबाट माओवादीहरुले द्वन्द्वकालमा कब्जा गरेको जग्गाबाट केही फाइदा नलिएका तर उनीहरुले जग्गाधनीलाई पनि फर्कन र बालीका पूर्ण अंश लिन रोकिरहेको देखिन्छ ।

दाङमा माओवादीहरुले कब्जा भएका जग्गाहरुमा नयाँ मोहीलाई विरलै स्थापित गरेका छन् । प्राय:गरी माओवादीहरुले मूल मोहीहरुलाई नै जोताहाका रुपमा रहन दिएका छन् । परिणामत: केही मामिलाहरुमा जग्गाधनी, माओवादी र मोहीहरुका बीचमा त्रिपक्षीय द्वन्द्व प्रकट भएको छ जहाँ पछिल्लो पक्षका माग जग्गाधनीको लागि अवरोध झैं देखिन्छ । धेरै मामिलाहरुमा माओवादीसँग आवद्ध भएका र अन्य मोहीहरुले जग्गाधनीसमक्ष दलका प्रतिनिधिहरुले राखेका भन्दा थप वा फरक शर्तहरु राखेका छन् । एक घटनामा कब्जा गरिएको जग्गा जोतिरहेका एक माओवादी कार्यकर्ताले आफूले दुई तिहाई उब्जनी अंश (प्रारम्भमा माओवादी युद्धकालीन माग) नपाएसम्म दलले निर्देशन दिए पनि आफ्ना माग नछाड्ने बताए । तसर्थ जग्गाधनी र माओवादीका बीचमा कुनै अनौपचारिक सहमति भएको भए तापनि जग्गाधनीले आफ्नो जग्गा फिर्ता वा आफ्नो बाली अंश पाउँछन् भन्ने स्पष्ट छैन ।

द्वन्द्वकालीन छापले केही जग्गा मुद्दाहरुलाई जटिल पनि बनाएका छन् र ती जग्गाहरु माओवादीले फिर्ता गर्लान् वा नगर्लान् भन्ने प्रश्न उब्जाएका छन् । पर्यवेक्षकहरुले दुई अलग अलग घटनाको दस्तावेज तयार पारे जसमा द्वन्द्वकालमा जग्गाधनीहरु राज्यसँगको मिलेमतोमा हत्या र बेपत्ता पार्ने कार्यका लागि जवाफदेही रहेको मोहीहरुको मान्यता छ । दुवै मामिलाहरुमा मोहीहरुले जग्गाधनीलाई जग्गा फिर्ता नदिनका लागि भौतिक प्रतिरोध गर्ने बताए । प्रत्येक मामिलामा जग्गाधनीलाई फिर्ता आउन नदिन माओवादीहरुको भूमिका भए तापनि

कुनै पनि मोही दलका कार्यकर्ता थिएनन् । माओवादीहरुले जग्गाधनीलाई फिर्ता दिन मानेको भए पनि त्यस्ता मामिलाहरु जग्गाधनी र मोहीहरुको बीचमा केही विवाद नभै शान्तिपूर्ण रुपमा निराकरण हुने देखिँदैन ।

अन्त्यमा, जग्गाधनीहरुको बुझाईमा जग्गा फिर्ताका लागि कानूनी वा प्रशासकीयभन्दा राजनीतिक समाधानको आवश्यकता छ । जग्गाधनीहरु आफ्ना समस्या समाधान गर्न स्थानीय प्रशासनसँग संलग्न हुन चाहँदैनन् । धेरैलाई यो प्रयास असफल हुने र माओवादीमा प्रतिशोधको भावना निम्तिन सक्ने भय छ । जग्गाधनीहरुले आफूहरु माओवादीसँग प्रत्यक्ष छलफल गर्न बढी रुचाउने भन्दै सामान्यत: जिल्ला प्रशासन कार्यालयको सहायताको प्रस्ताव अस्वीकार गरेको स्थानीय प्रशासनको कथन छ । तथापि धेरै जग्गाधनीहरु माओवादीका प्रस्ताव मान्न इच्छुक देखिँदैनन् । तसर्थ आफ्नो जग्गा फिर्ताका लागि कुनै अनौपचारिक सहमतिमा पुग्न सकेका छैनन् । केही जग्गाधनीहरुले सहयोगका लागि केन्द्रिय तहका राजनीतिज्ञहरुसँग सहायताका लागि याचना गरेका छन् र उनीहरु समस्याको समाधान राष्ट्रिय तहबाटै आउँछ भनेर पर्खिरहेका देखिन्छ ।

***कैलाली***

कैलाली सुदुर पश्चिम क्षेत्रको राजनीतिक र आर्थिक केन्द्र हो । माओवादीका जग्गा कब्जाकार्यहरु भौगोलिक रुपमा जिल्लाका ३५ तराई गा.वि.स. हरुमा केन्द्रित रहे । माओवादीका एक जिल्लास्तरीय पूर्व-प्रतिनिधिले द्वन्द्वको अवधिमा माओवादीले लगभग २००० बिगाहा जग्गा कब्जा गरेको दावी गरे । माओवादी अर्का जिल्ला नेताले अक्टोबर २००९ मा एक रेडियो अन्तर्वार्तामा १७७७ बिगाहा माओवादीकै नियन्त्रणमा रहेको बताए । एक स्थानीय गैर सरकारी संस्थाले कब्जा गरिएको जम्मा जग्गा लगभग १२०० बिगाहा भएको बताए र त्योमध्ये “९९ प्रतिशत” माओवादीहरुले कब्जा गरेको दावी गरे । जग्गा कब्जाका लक्षितहरुमध्ये अधिकांश स्थानीय नेपाली कांग्रेस प्रतिनिधिहरु थिए जसमध्ये धेरै पाँच बिगाहाभन्दा बढी जग्गा हुने पञ्चायतकालीन अधिकारी र व्यापारीहरु थिए । केही थारु वा साना जग्गाधनीहरु पनि थिए जसका जग्गा उनीहरु द्वन्द्वका कारण विस्थापित भएपछि माओवादीद्वारा कब्जा गरिएका थिए । कब्जा गरिएकोमध्ये अधिकांश जग्गा या त अनुपस्थित जग्गाधनीहरुका थिए वा ती व्यक्तिहरुका जो द्वन्द्वको परिणामले आन्तरिक विस्थापित भएका थिए ।

द्वन्द्वको समयमा माओवादीले कब्जा गरेको अधिकांश जग्गा फिर्ता भएको देखिँदैन । जिल्ला प्रशासन कार्यालयका अनुसार अक्टोबर २००९ को अवस्थामा द्वन्द्वको अवधिमा कब्जा भएका जग्गाको अभिलेखका १८६ मध्ये ३० सम्पत्तिमात्र फिर्ता भएका छन् । फेब्रुअरी २०१० मा भर्खरै आएका प्रमुख जिल्ला अधिकारीले १११ जनताले आफ्नो जग्गा अझै माओवादी कब्जा मै रहेको विवरण दिएको उल्लेख गरे ।[१७] एक नागरिक समाज स्रोतले जिल्लामा द्वन्द्वको समयमा कब्जा गरिएकोमध्ये “लगभग २५ प्रतिशत” जग्गा फिर्ता भएको अनुमान लगाए जब कि एउटा भिन्नै स्थानीय गैरसरकारी भने संस्थाले धेरै कम “अन्दाजी १० प्रतिशत” को अनुमान लगायो । जग्गा फिर्ताका धेरै घटनाहरु माओवादीले २००८ र २००९ मा सरकारको नेतृत्व गरिरहेको बेलामा भएको बताइन्छ । एक घटनाको पर्यवेक्षकहरुले अनुसन्धान गरेको भए पनि सबै अवस्थाहरुमा जग्गा शर्तसहित मात्र फिर्ता भएको जसमा जग्गाधनी आफैं माओवादीसँग कुनै सहमतिमा पुगेको देखिन्छ । त्यस्ता घटनाहरुमा जग्गाधनीहरुले या त माओवादी प्रतिनिधिलाई ठूलो रकम तिर्न या फिर्ता गरेको बदलामा नियमित रुपमा बाली उब्जनीको अंश प्रदान गर्न राजी भएको बताइयो । केही घटनाहरुमा माओवादीहरुले जग्गाधनीहरुलाई जग्गा फिर्ता गर्नुभन्दा अगाडि मोही वा स्थानीय गाउँलेहरुसँगको नमिलेको विवादहरु सुल्झाउन दवाव दिए ।

जग्गा फिर्ता गरिएका केही व्यक्तिहरुले माओवादीबाट आफ्ना जग्गाहरु बेच्न दवावको सामना गरेको विवरण छ । एक गा.वि.स. मा २००८ मा जग्गा फिर्ता पाएका जग्गाधनीले आफ्नो जग्गा तत्कालै एक गाउँतहका माओवादी प्रतिनिधिमार्फत चलेको मूल्यभन्दा धेरै कम मूल्यमा बिक्री गरे । उक्त जग्गा एक माओवादी समर्थकलाई बेचिएको बताइयो जो अहिले त्यहाँ खनजोत गर्दैछन् र ती माओवादी कार्यकर्ताले कारोबारबाट कमिशन लिए । अर्को गा.वि.स.मा एक जग्गाधनी द्वन्द्वको कारणले विस्थापित भएर धनगढी सरेपछि उनको जग्गा सन् २००१ मा माओवादीहरुले कब्जा गरे । उनको जग्गा माओवादीहरुसँग एक सम्झौता गरेपछि २००८ मा फिर्ता गरिएको थियो र जग्गा मुक्त भएको पहिलो वर्षमा उनले जग्गा जोत्न कृषि मजदुरलाई भाडामा लिए । स्थानीय माओवादी कार्यकर्ताहरुले बाली लुटेपछि उनले त्यो जग्गा गाउँ तहका माओवादी समर्थकलाई निकै सस्तो दाममा बेचेको दावी गरे र उक्त जग्गाको सानो अंश उनीबाट खरिद गरिएको भन्दा पाँच गुणा बढी दाममा बेचेको आरोप लगाए ।

द्वन्द्वको अवधिमा कब्जा गरिएका जग्गाको अवस्थाको बारेमा जान्न खोज्दा कार्टर सेन्टरका पर्यवेक्षकहरुलाई बेग्ला बेग्लै माओवादी प्रतिनिधिहरुले विवादास्पद जवाफहरु दिए । धनगढीका एक जिल्लास्तरीय माओवादी प्रतिनिधिले भने, “१० बिगाहाभन्दा कमका सम्पूर्ण कब्जा भएका जग्गाहरु फिर्ता गरिसकिएको छ र जहाँ र जब दलका स्थानीय कार्यकर्ताहरुले उचित ढंगले फिर्ता गर्ने निर्देशन पालना गर्न

[१७] यी निवेदकहरुले प्रशासनमा सम्पूर्ण विवरणहरु दिए जब कि अन्य १२५ दावीकर्ताहरुले आफ्नो जग्गा कब्जा गरिएको दावी गरे तर कुनै विवरण प्रकाशमा ल्याउन चाहेनन्; एक स्थानिय प्रशासन सुत्रको बुझाइमा समर्थक प्रमाणहरुको अभावका कारण यी दावीहरुमध्ये धेरै तथ्यहीन छन् ।

असफल भएको देखिएको छ, उनीहरुका विरुद्ध कारवाही गरिएको छ ।"[१८] तथापि, इलाका र गा.वि.स. तहका माओवादी प्रतिनिधिहरुले १० बिगाहाभन्दा कमका लक्षित व्यक्तिका जग्गाहरु नियन्त्रण गरिराखेको स्वीकारे । एक उदाहरणमा, स्थानीय माओवादी कार्यकर्ताहरुले प्रचण्डले आदेश दिए पनि आफ्नो जग्गा फिर्ता नगर्ने भनेको एक जग्गाधनीले बताए । अर्का नेपाली कांग्रेसका वरिष्ठ सदस्य रहेका जग्गाधनीले आफूलाई एक जना माओवादी संविधानसभा सदस्यले आफ्नो जग्गा फिर्ता गरिनेमा आश्वस्त पारेको बताए तर माओवादीका एक जना जिल्ला प्रतिनिधिले उनलाई माओवादीहरु विरोध आन्दोलनको दौरानमा रहेकाले जग्गा फिर्ता गर्दा गलत सन्देश जाने र आफ्नो आन्दोलनको लागि जनसमर्थनलाई कमजोर तुल्याउने हुनाले जग्गा फिर्ता नगरिने बताए ।

पर्यवेक्षकहरुले कैलालीका गा.वि.स.हरुमा फिर्ता नभएका र उजुरीमा परेका चार मामिलाहरुको अनुसन्धान गरे । उनीहरुले माओवादीले कब्जा गरिएको जग्गा माओवादी कार्यकर्ताका साथसाथै भूमिहीन जनता र किसानहरुलाई पुनर्वितरण गरेको पाए । अधिकांश मामिलाहरुमा दलले जग्गाधनी कै शैलीमा भाडा वा उब्जनी बालीको अंश उठाइरहेको विवरण छः

- एक व्यापारीको कब्जा गरिएको जग्गामध्ये केही खण्ड सहकारी खेतीमा संलग्न रहेका माओवादी कार्यकर्ताहरुले जोतिरहेका थिए भने बाँकी प्रति बिगाहा प्रति बाली वर्ष रु. ४००० को ठेक्कामा भाडामा दिइएको बताइयो ।

- माओवादीहरुले एक पञ्चायतकालीन नेता तथा एक नेपाली कांग्रेसका नेताका जग्गाहरु क्रमशः मुक्त कमैया र भूमिहीन किसानलाई प्रति आधा बिगाहा प्रति बाली वर्ष रु. ४००० मा ठेक्कामा लगाएका छन् । एक प्लटको एक खण्ड जग्गा माओवादी कार्यकर्ताहरुले खनजोत गरिरहेको विवरण छ ।

- माओवादीहरुले एक स्थानीय पञ्चायतकालीन नेताका जग्गा धेरै वर्ष अघि "शहीद" का दुई परिवार, भूमिहीन जोताहा र किसानलाई बाँडे । खनजोत गर्नेहरुले माओवादीलाई जोतिएको प्रति बिगाहाको पाँच सय के.जी. चामल र दुई बोरा गहुँ दिने गरेको विवरण छ ।

एक जग्गाधनीले आफ्नो जग्गामा बसोबास गर्न थालेका मोहीहरुकहाँ गएर उनीहरुलाई आफूलाई भाडा तिर्ने वाचा सहितको सम्झौतामा हस्ताक्षर गराएको दावी गरे । यो स्थितिले मोहीहरुमा गम्भीर चासो जन्मायो जसले दोहोरो भाडा तिर्नुपर्ने भय भयो - एक पटक जग्गाधनीलाई र एक पटक माओवादीलाई । स्थानीय माओवादीहरुले हस्ताक्षर गरिएको सम्झौतालाई मान्यता नदिने भन्दै जग्गाधनी र मोहीबीचको समझदारीको विरोध गरे । अन्तर्वार्ता गरिएका एकजनाले माओवादीसँगको समझदारी कहिलेकाहीँ मोहीको लागि बढी फाइदाजनक हुने भए पनि मोहीको लागि माओवादीलाई वा जग्गाधनीलाई जसलाई भाडा तिरे पनि मतलब नहुने बताए । उनले माओवादीले जग्गा फिर्ता गरेमा र जग्गाधनीले भाडा लिएमा कुनै द्वन्द्व हुने ठानेनन् ।

माथि उल्लेख गरिएका हरेक मामिलामा जग्गाधनीहरुले आफ्नो जग्गा फिर्ता पाउन जिल्ला प्रशासन, गैरसरकारी संस्था या उनीहरु सम्बद्ध रहेको राजनीतिक दलसँग सहायता माग्ने असफल प्रयास गरेका छन् । तथापि पर्यवेक्षकहरुले अधिकांश जग्गाधनीहरु कानूनी वा प्रशासकीय माध्यमबाट समाधान खोज्न अनिच्छुक भएको पाएका छन्, उनीहरुको ठहरमा स्थानीय अधिकारीहरु ती मामिलालाई सम्बोधन गर्न असमर्थ या उदासिन छन् । यस अतिरिक्त, औपचारिक माध्यमहरु प्रयोग गर्दा आउने माओवादी प्रतिशोधको धम्की अर्को विचारणीय अवरोध हो । कम्तीमा एक घटनाका अनुसार, एक जना जग्गाधनीले आफ्नो मामिलालाई अदालतमा ल्याउने प्रयास गर्दा स्थानीय माओवादी कार्यकर्ताहरुबाट धम्की पाएको दावी गरे । अधिकांश जग्गाधनीहरु माओवादीका शर्त स्वीकार गर्न नचाहेकोले गर्दा धेरैले आफू राष्ट्रिय तहमा कुनै राजनीतिक समाधान हुनेमा पर्खिरहेको बताएका छन् ।

### ख) पहाड तथा हिमाल

तराईको विपरीत पहाड र हिमाल द्वन्द्वकालमा माओवादीका जग्गा कब्जाबाट कम प्रभावित थिए । केही घटनाहरुमा माओवादीले निश्चित जग्गाधनीहरुलाई लक्षित गरेको भए पनि अधिकांश कब्जा जग्गाधनीहरु द्वन्द्वको प्रभावले विस्थापित भएपछि भएको प्रतीत हुन्छ । यीमध्ये धेरै मामिलाहरुमा माओवादीहरुले खाली छाडिएका जग्गालाई अधीनमा लिए र खेती गरे । यीमध्ये धेरै जग्गा, मुख्यतः सामान्य खेती हुने साना जग्गाहरु विस्तृत शान्ति सम्झौतामा हस्ताक्षरपछि त्यतिखेरै निःशर्त फिर्ता भैसकेको देखिन्छ । केही मामिलामा माओवादीहरु आफैं विस्थापित जग्गाधनीहरुसमक्ष पुगेर उनीहरुको जग्गा फिर्ता गर्ने र उनीहरुलाई केही समस्या हुँदैन भन्ने आश्वासन दिने पहल गरे । फिर्ता नभएका जग्गाका धेरै मामिलाहरुमा राजनीतिक कारणले लक्षित भएका व्यक्तिहरु भएको देखिन्छ । द्वन्द्वबाट विस्थापित भएका कैयौं

[१८] उनले कब्जा गरिएको ठूलो परिमाणको जग्गामध्ये बाट दलले कम्तीमा चार बिगाहाको खण्ड जग्गाधनीले आफ्नो परिवारको आधारभूत आवश्यकता पूर्तिका लागि प्रयोग गर्न फिर्ता गरिसकेको पनि दावी गरे । केही मामिलामा पर्यवेक्षकहरु यसलाई निश्चित गर्न सक्षम भएका थिए ।

व्यक्तिले गाउँ नफर्किने ठहर गरेका पनि थुप्रै विवरणहरु छन् । संखुवासभाको जग्गा कब्जा अधिकांश पहाडी र हिमाली जिल्लाभन्दा असामान्य देखिन्छन् किनकि अधिकांश जग्गा माओवादीहरुले फिर्ता गरेका छैनन् ।

***संखुवासभा***

अन्य पहाडी तथा हिमाली जिल्लाहरुको तुलनामा संखुवासभा अपवाद झैँ देखिन्छ किनकि माओवादीद्वारा कब्जा गरिएका अधिकांश जग्गा फिर्ता गरिएका छैनन् । जिल्ला प्रशासन कार्यालयको अभिलेख अनुसार द्वन्द्वका बेलामा माओवादीले १३६ घरपरिवारका जग्गाहरु कब्जा गरेका थिए । जग्गा कब्जाबाट सबैभन्दा बढी प्रभावित गा.वि.स. हरु जिल्लाका दक्षिणी र पूर्वी भागमा छन् । यी दुर्गम गा.वि.स.हरुमा कब्जा गरिएका सबै कृषियोग्य जग्गाहरु हुन् । कब्जा गरिएका अधिकांश जग्गा प्रायः द्वन्द्वको समयमा जिल्लाबाट विस्थापित भएका वा त्यसअघि नै जिल्लाबाहिरका सहरी केन्द्रमा बसोबास गरिरहेका नेपाली कांग्रेससँग आबद्ध जमिन्दारका थिए । कब्जा गरिएको कति जग्गा फिर्ता गरियो भन्ने आधिकारिक संख्या नभए पनि गाउँले, पत्रकार र विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुले माओवादीले कब्जा गरेका लगभग सम्पूर्ण जग्गा फिर्ता नभएको दावी गरे । फिर्ता नभएका जग्गा माओवादी दलको जिल्ला तहको नीति अन्तर्गत नियन्त्रित भएको देखिन्छ । स्थानीय माओवादी प्रतिनिधिहरु विस्तृत शान्ति सम्झौताका अन्य शर्तहरुको कार्यान्वयन भएपछि मात्र जग्गा फिर्ता गरिने बताउँछन् । एनेकपा माओवादीका एक जिल्ला प्रतिनिधिले बताए, “जनमुक्ति सेनाको नेपाली सुरक्षा बलहरुमा सन्तोषजनक समायोजन सम्पन्न भैसकेपछि मात्र जग्गाहरु फिर्ता गरिनेछ । समग्रमा जनताको गणतन्त्र घोषणासहितका नयाँ संविधान लेखनको कार्य समापन हुनुपर्दछ ।”

केही मामिलाहरुमा माओवादीले जग्गा सशर्त फिर्ता गरेका छन् । एक घटनामा माओवादीले जिल्ला अदालतका एक कर्मचारीको जग्गा कब्जा गरे जसले “आफ्नो पदको दुरुपयोग” गर्दै कमिशन र घुस लिनका लागि थुप्रै नागरिकका विरुद्ध मुद्दाहरु दर्ता गरेको आरोप छ । एकजना जग्गाधनीका छोरा (स्थानीय शिक्षक) आफ्नो ८० प्रतिशत जग्गामा नियन्त्रण कायम रहने र त्यसमा मोहीहरुले खेती गरेर उब्जनीको एक तिहाइ माओवादीलाई दिने शर्तमा २० प्रतिशत जग्गा फिर्ता लिन सफल भए । पर्यवेक्षकहरुले निर्शत पूरा जग्गा जग्गाधनीलाई फिर्ता गरिएको एउटा घटना मात्र पाए । माओवादीले “सामन्ती” भनेर पहिचान गरेका एक जग्गाधनीलाई विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएपछि दलका स्थानीय सदस्यहरुले उनको “राम्रो व्यवहार र व्यक्तित्व” को जिम्मा लिएपश्चात् उनको जग्गा फिर्ता गरियो ।

सामान्यतः माओवादीहरुले आफूले कब्जा गरेको जग्गामा त्यसअघिदेखि नै काम गरिरहेका मोहीहरुलाई जोताहाको रुपमा काम गर्ने अनुमति दिएका छन् । एक जना माओवादी जिल्ला प्रतिनिधिको भनाइमा, “हाम्रो स्पष्ट सोच छ, जग्गा जसले जोत्छ उ मालिक हुनुपर्छ । त्यसैगरी, हामीले कब्जा गरेका कुनै पनि जग्गा दलको नाममा नभै त्यहाँ खेती गर्ने किसान र जोताहाका नाममा छन्” । माओवादीहरुले जग्गा सशर्त फिर्ता गरेका दुई चार घटनाहरुमा उनीहरुले विद्यमान मोहीहरुलाई फाइदा हुने शैलीमा त्यसो गरेका छन् । पर्यवेक्षकहरुलाई एउटा स्थानीय समुदायले आंशिक जग्गा फिर्ता गरिएको एउटा घटनाको बारेमा बताए जहाँ कब्जा गरिएकोमध्ये आधा जग्गा जग्गाधनीलाई फिर्ता गरियो भने आधा मोहीलाई “फिर्ता” दिइयो । अर्को घटनामा, पर्यवेक्षकहरुले कब्जा भएको जग्गा माओवादीहरुले मोही र भूमिहीन जनतालाई फिर्ता गरेको पाए । एक स्थानीय गाउँलेले माओवादीले द्वन्द्वकालमा कब्जा गरेको एक अन्न भकारी जग्गाधनीबाट एक पुरानो मोहीलाई “हस्तान्तरण” गरेको बताए जबकि भकारीसँगै जोडिएको जग्गा दुई वर्षअघि गाउँका केही मान्छेहरुलाई बाँडियो, हाल उक्त जग्गा सात परिवारले भोगचलन गरिरहेका छन् ।

संखुवासभाका धेरै मोही र जग्गाविहीन किसानहरु माओवादीको जग्गा कब्जाप्रति सहानुभूतिको भाव राख्दछन् किनकि उनीहरुले माओवादीलाई सामान्यत बालीको एक तिहाइ मात्र बुझाउनु पर्छ जबकि जग्गाधनीहरुलाई उनीहरुले आधा अंश दिनु पर्थ्यो । केही भने माओवादीले भविष्यमा उनीहरुलाई थोरै जग्गा दिनेमा आशावादी छन् । एक स्थानीय पत्रकारको तर्कमा यदि माओवादीले कब्जा गरिएको जग्गा जग्गाधनीलाई फिर्ता गरे भने उनीहरुले मोही र किसानको समर्थनका साथसाथै खास आम्दानीको श्रोत पनि गुमाउनेछन् । कानूनी तथा प्रशासकीय माध्यमहरु जग्गा फिर्ताका लागि अप्रभावकारी छन् भन्ने समान मान्यता स्थानीय अधिकारीहरु र जग्गाधनीहरुको छ । अन्य जिल्लाहरुमा जस्तै, धेरै जनताहरु द्वन्द्वकालीन जग्गामुद्दाहरु राजनीतिक तहबाट मात्र निराकरण हुन सक्छन् भन्ने मान्दछन् । यो एक स्थानीय अधिकारीद्वारा पनि दोहोऱ्याइएको थियो । थुप्रै नागरिकहरुले जिल्ला प्रशासनले उनीहरुको जग्गा फिर्ता सुनिश्चित गर्ने अक्षमता प्रति कुण्ठा प्रकट गरे ।

***रामेछाप***

यहाँ द्वन्द्वकालीन माओवादी जग्गा कब्जाका धेरै घटना थिएनन् र कब्जा भएका लगभग सबै जग्गाहरु माओवादीहरुबाट निःशर्त फिर्ता गरिएका थिए । त्यहाँ थोरै मात्र ठूला जग्गावाल र थोरै वा शुन्य भूमिहीन भएको मानिएकाले पर्यवेक्षकहरुले थोरै मात्र ठूला कब्जाका घटनाहरु फेला पारे । कब्जाका धेरै घटनाहरु द्वन्द्वको कारणले जग्गाधनीहरु विस्थापित भैसकेपछि भएको बताइयो । अधिकांश जग्गा

विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएपछि र सन् २००८ को संविधानसभाको निर्वाचनको अवधिमा फिर्ता भएको बताइयो र बाँकी जुलाई २००९ मा फिर्ता गरिएको भनियो जतिखेर प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा राजनीतिक दलका प्रतिनिधिहरु र २५ विस्थापित परिवारहरु सहभागी भएको बैठकमा माओवादीले सबै कब्जा जग्गामाथिको दावी त्याग गरे । केही मामिलाहरुमा जग्गाधनीहरु काठमाडौं वा अन्यत्र बसोबास गर्न थालेकोले फर्कन नचाहेको विवरण छ । त्यस्ता मामिलामा फिर्ता गरिएका जग्गाहरुमा जग्गाधनीका नातेदारहरुले खेती गरिरहेका छन् भने अन्यमा जग्गा बाँझो भएका छन् । पर्यवेक्षकहरुले जग्गा फिर्ता नभएका दुई ओटा घटना मात्र फेला पारे । दुई गा.वि.स.हरुमा एउटै परिवारका साना जग्गाहरु कब्जा गरिएका थिए र वर्तमानमा ती दुवै माओवादीहरुको अधीनमा छन् जो उनीहरुले कब्जा गरेको तीन रोपनी जग्गा फिर्ताको बदला पाँच आना जग्गाको माग गरिहेका छन् ।

***गोरखा***

माओवादीहरुबाट द्वन्द्वको अवधिमा भएका जग्गा कब्जाका मामिलाहरु थोरै थिए । जिल्ला प्रशासन कार्यालयका अनुसार त्यस कार्यालयमा द्वन्द्वकालीन जग्गा कब्जाका कुनै घटना कहिल्यै उजुरी गरिएनन् । पर्यवेक्षकहरुले उहिले नै समाधान भैसकेको एक मात्र द्वन्द्वकालीन जग्गा कब्जा घटनाबारे सुने । एक गा.वि.स. मा माओवादीहरुले लगभग २० वर्षदेखि काठमाडौंमा बसोबास गरिरहेका एक अनुपस्थित जग्गाधनीको जग्गा कब्जा गरेको बताइयो । कब्जा गर्ने समयमा माओवादीहरुले एक स्थानीय पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरेको विवरण छ जसमा, “माओवादीहरुले यो जग्गा कब्जा गरेका छन्, यहाँ कोही प्रवेश गर्न पाउँदैन र यो बिक्री गर्न अनुमति छैन” भन्ने उल्लेख थियो । स्थानीय बासिन्दाहरुको अनुसार माओवादी र जग्गाधनीबीचको अनौपचारिक छलफलपछि जग्गा फिर्ता भयो तर यो पुष्टि गर्न सकिएन ।

***सुर्खेत***

माओवादीहरुले द्वन्द्वको समयमा द्वन्द्वबाट विस्थापित भएका जग्गाधनीहरुका केही निजी कृषियोग्य जग्गा कब्जा गरे । इन्सेक र अर्को नागरिक समाज स्रोतका अनुसार यो जग्गा लगभग २००-३०० बिगाहा थियो । सम्पूर्ण वा लगभग सम्पूर्ण द्वन्द्वकालीन कब्जा जग्गाहरु निःशर्त फिर्ता गरिएका छन् जसमा अधिकांश विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरिएको अवधिमा फिर्ता भएको देखिन्छ । केही परिस्थितिमा, जग्गाधनीहरुले व्यक्तिगत रुपमा जिल्ला वा गा.वि.स. तहका माओवादीहरुलाई भेटेर उनीहरुले जग्गा फिर्ता गर्न सक्ने वा नसक्नेमा जाँचबुझ गरे । अन्य मामिलामा माओवादी कार्यकर्ताहरुले जग्गा आदरपूर्वक फिर्ता गर्न जग्गाधनीहरुलाई प्रत्यक्ष, मित्र वा नातेदारको सहयोगमा सम्पर्क गरे । पछिल्ला मामिलाहरुमा केही विस्थापित व्यक्तिहरुले आफूहरुलाई फर्किएपछि केही समस्या हुने छैन भनेर माओवादीले आश्वासन दिएको बताए र ती आश्वासनहरुलाई वृहत्तर सम्मान गरेको देखिन्छ ।

माओवादीहरुले जग्गा फिर्ता गरिएका केही जग्गाधनीलाई गरेको व्यवहारको शैलीमा विविधता थियो । धेरै घटनाहरुमा सम्पूर्ण जग्गा एकै साथ रिहा गरिएको थियो । एक जग्गाधनीले उनको जग्गा कब्जा गरेकोप्रति माओवादीले सार्वजनिक रुपमा क्षमायाचना गरेको बताए । दुई घटनाहरुमा जग्गाधनी र उनका छिमेकीहरुले माओवादीले सुरुमा जग्गाको एक खण्डमा मात्रै फिर्ता गरेको र एक वर्ष पछि पूरै फिर्ता गरेको जानकारी दिए । तथापि अन्तर्वार्ता गरिएका एक व्यक्तिले जग्गाधनीहरु जग्गा फिर्ता भएको धेरै हप्तासम्म छानबिनकै क्रममा भएको र उनीहरुलाई माओवादी विरुद्ध सार्वजनिक विरोध नगर्न दवाव दिइएको दावी गरे । एक माओवादी प्रतिनिधिले एकजना जग्गाधनीलाई उनको जग्गा फिर्ता भएपछि कसरी धेरै हप्तासम्म “निगरानी गरिएको थियो” भन्ने व्याख्या गरे; जसमा उनले आफ्नो खेत जोतिरहँदा माओवादी कार्यकर्ताले चारैतिरबाट घेरेको समेत थियो । केही फिर्ता पाएका जग्गाधनीहरु माओवादीको विरोध नगर्न सहमत भए पनि यी सम्झौताहरु लागू भएको देखिएन किनकि माओवादीहरुबाट “निगरानी राखिएका” धेरै फर्केका व्यक्तिहरु उत्तिखेरैदेखि राजनीतिक गतिविधि सुचारु गर्न सफल भएका छन् ।

पर्यवेक्षकहरुले द्वन्द्वको अवधिदेखि माओवादी जग्गा कब्जासँग सम्बन्धित फर्स्यौट नभएका कुनै पनि मुद्दा नभएको पाए । केही जग्गाधनीहरु जो द्वन्द्वसँग टाढाको सम्बन्ध नभएको सम्पत्ति विवादमा मुछिएका छन्, उनीहरु विवादमा आफ्नो पक्षको र अन्य राजनीतिक दलसँगको सम्बन्ध दह्रो बनाउन वा प्रशासनिक सहयोग लिन माओवादीलाई जग्गा कब्जाको आरोप लगाइरहेका छन् । स्थानीय शान्ति समितिले फिर्ता नगरिएको निजी जग्गाको आरोपसम्बन्धी तीन निवेदन प्राप्त गरेको छ । पर्यवेक्षकहरुले ती मध्ये दुई घटनाको छानविन गरे र ती जटिल व्यक्तिगत विवादहरु भएको पाए जसमा द्वन्द्वसम्बन्धी भनेर मान्न सकिने कुनै विश्वसनीय प्रमाण थिएन ।

***बैतडी***

सुर्खेतको जस्तै द्वन्द्वको अवधिमा माओवादीहरुले केही निजी खेतियोग्य जमीन अधीनस्त पारे जसमध्ये अधिकांश द्वन्द्वबाट विस्थापित भएका जग्गाधनीहरुका साना खेतीयोग्य जग्गाहरु थिए । माओवादीहरुले विस्थापित भएका परिवारका जग्गाहरुमा खेती गरेको भनिएको छ; तथापि सबै नभए पनि अधिकांश उतिबेलै बिना कुनै समस्या फिर्ता गरिएका थिए । माओवादीहरुले द्वन्द्वको अवधिमा किल्ला निर्माण गरेका र हाल दलको सशक्त गढ रहेका दुई गा.वि.स. हरुमा अधिकांश विस्थापित परिवारहरु सन् २००८ को संविधानसभा निर्वाचनको समयतिर गाउँ

फर्केको पर्यवेक्षकहरुले पाए । नफर्केकाहरुले आफ्नो जग्गा खनजोत गर्न आफ्नो चाहनाअनुसार हेरचाह गर्ने व्यक्ति वा परिवारका सदस्य राख्न पाएका थिए ।

त्यहाँ द्वन्द्वको अवधिमा जग्गा कब्जाका कम्तीमा तीन प्रमुख घटनाहरु थिए जहाँ माओवादीहरुले विशेषगरी पञ्चायतकालीन नेताहरुका जग्गालाई लक्षित गरेका थिए । यसमा एक पूर्व प्रधानमन्त्री र उनको परिवारको जग्गा पनि थियो जो वर्तमानमा माओवादीको नियन्त्रणमा छ । एक घटनामा, जिल्लास्तरीय माओवादी प्रतिनिधिहरुले आफूहरुले सन् २००९ मा उक्त जग्गा पुनः कब्जा गरेर स्थानीय कृषि क्याम्पसलाई दिनु अगाडि फिर्ता गरेको दावी गरे । अर्को गा.वि.स. मा पर्यवेक्षकहरुले एक व्यक्तिलाई भेटे जो माओवादीद्वारा अपहरित भएका थिए र आफ्नो अपहरणपछि उनी आफ्नो काममा फर्कन सकेनन् । माओवादीहरुले उनलाई द्वन्द्वको शिकार भएको मानेर कब्जा गरिएको जग्गाको एक अंश “क्षतिपूर्ति” स्वरुप दिए । उनी आफूसँग जीविका निर्वाह गर्ने अर्को कुनै विकल्प नभएको दावी गर्दै वर्तमानमा माओवादीले दिएको जग्गाको अंशमा खेती गरिरहेका छन् र त्यसको बदलामा उनले दललाई केही दिँदैनन् । वर्तमानमा जग्गा कब्जा गरिरहेका माओवादी कार्यकर्ता, भूमिहीन जनतासमेत अन्य किसानहरु माओवादीलाई आफ्नो बाली उब्जनीको आधा हिस्सा दिन्छन् जुन दल र वाइसिएललाई दीगो राख्न प्रयोग हुन्छ भनिएको छ । ती अपहरित व्यक्तिको भनाइमा, मोहीहरु उक्त सम्झौताबाट सन्तुष्ट छन् किनकि माओवादीसँगको भाडा सम्झौता “जग्गाधनीसँगको जत्तिकै” छ । अन्त्यमा, तेस्रो मामिलामा लगभग ३५ रोपनी जग्गा द्वन्द्वको समयमा कब्जा भएको थियो जुन विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको केही समयपश्चात् फिर्ता भयो । स्थानीय गाउँलेहरुले ८० रोपनीको सरकारी हदबन्दीभन्दा घटी भएकाले जग्गा फिर्ता गरिएको दावी गरे । तथापि जग्गाधनीका नाति माओवादी-सम्बद्ध भएकोले जग्गा फिर्ता गरिएको पनि बुझाइ रहेको छ। हाल उक्त जग्गामा जग्गाधनीका नाति बसोबास गर्छन् ।

## ए. द्वन्द्वपछिका जग्गा कब्जा तथा अधिकार

### क. तराई

द्वन्द्वको अन्त्य भएदेखि माओवादी, नेकपा(मा)-मातृका यादव, सशस्त्र समूह तथा अन्य साना समूहहरु जस्ता थुप्रै घटकहरुबाट जग्गा कब्जा भएका धेरै विवरणहरु छन् । पूर्वी र मध्य तराईमा नेकपा(मा)-मातृका यादवले प्रायःजसो माओवादीहरुले द्वन्द्वको अवधिमा कब्जा गरेर विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि रिहा गरेका जग्गाहरु नै कब्जा गरेका छन् । मध्य तथा सुदूर पश्चिम तराईमा माओवादीहरुले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरिसकेपछि मुठ्ठीभर मात्र नयाँ जग्गाहरु कब्जा गरेका छन् । केही “सांकेतिक” कब्जाहरु पनि छन् जहाँ जग्गा यथार्थमा बन्धनमा रहेको छैन किनकि सम्बन्धित दलले जग्गामाथि कुनै नियन्त्रण राखेको छैन । त्यस्ता कब्जाका लागि थुप्रै राजनीतिक दल तथा समूहहरु जिम्मेवार रहेको पाइएको छ ।

माओवादी र नेकपा(मा)-मातृका यादवले विगत वर्षमा भूमिहीन र किसानहरुले कब्जा गरेका केही सार्वजनिक वा दर्ता नगरिएका जग्गाहरुलाई पनि समर्थन गरेका छन् । राजनीतिक आडमा भएका कब्जाकार्यहरु कहिलेकाहीँ भूमिहीन वा किसानले सुरुआत गरेको पाइएको छ जसले दलहरुसमक्ष सहायताका लागि याचना गर्दछन् । अन्य समयमा ती कार्यहरु व्यापक जनसमर्थन उत्पन्न गर्न र सरकारमाथि राजनीतिक दवाव बृद्धि गर्न दलहरुबाट नै प्रारम्भ भएका छन् । यीमध्ये केही कब्जाहरु स्थानीय अधिकारीहरुसँग टक्करको अवस्थामा पुगेका छन् । उल्लेखनीय रुपमा सन् २००९ को उत्तरार्धतिर भएको कैलाली डुँडेझारी वनको कब्जा जो सांघातिक मुठभेडको चरमोत्कर्षमा पुग्यो ।

#### <u>अ. जग्गा कब्जाहरु</u>

***मोरङ***

विगत धेरै महिनाहरुमा माओवादी, नेकपा(मा)-मातृका यादव, कोचिला स्वायत्त राज्य परिषद्, मधेसी जनाधिकार फोरम-नेपाल र मधेसी मुक्ति टाइगर्ससमेत थुप्रै समूहहरुले जग्गा कब्जा गरेका छन् । यी समूहहरुमध्ये नेकपा(मा)-मातृका यादवको समूहले मात्र कब्जा गरिएको जग्गामा भूमिहीन जनतालाई बसोबास गराइरहेको देखिन्छ । अन्य समूहहरुबाट भएका हालैका अधिकांश कब्जाहरु “सांकेतिक” अभ्यास भएको प्रतीत हुन्छ । नेकपा(मा)-मातृका यादवका एक प्रतिनिधिले भने, “अन्य दलहरुले जग्गा कब्जालाई आफ्नो क्रान्तिकारी जोश देखाउने नाटकका रुपमा प्रदर्शन गरिरहेका छन्, तर अन्त्यमा जग्गा गरीब जनतालाई दिँदैनन् ।” प्रचारवाजीलाई महत्व दिन अधिकांश सांकेतिक जग्गा कब्जाहरु बिराटनगर नगरपालिका वा नजिकैका गा.वि.स.हरुमा केन्द्रित भएको देखिन्छ । वास्तविक होस् या सांकेतिक, लगभग सम्पूर्ण ताजा जग्गा कब्जाका घटनाहरु दर्ता नगरिएका (जस्तैः सार्वजनिक) कृषियोग्य जग्गाहरु छन् । कब्जा गरिएको निजी जग्गा प्रायजसो धेरै जग्गा हुने जग्गाधनीहरुको छ; तथापि थोरै घटनाहरुमा बिराटनगर नगरपालिका क्षेत्रमा साना क्षेत्रफलका निजी जग्गाहरु कब्जा भएको ठम्याउन सकिन्थ्यो ।

माओवादीहरुले आफ्नो क्रान्तिकारी छविलाई पुनःपुष्टि गर्ने माध्यमका रुपमा सांकेतिक जग्गा कब्जा गर्ने गरेको देखिन्छ । एक गा.वि.स.मा एक स्थानको २५ बिगाहा जग्गा वर्षौं अघि भारतीय नागरिकहरुले किनेका थिए जहाँ नेपाल-भारत सीमा स्पष्ट निर्धारित थिएन । उक्त जग्गा हाल एक नेपाली नागरिकता भएको आरोप लगाइएका भारतीय जग्गाधनीको नाममा दर्ता छ र उनी भारतीय क्षेत्र मै बसोबास गर्छन् । माओवादीहरुको राष्ट्रियता अभियान (आन्दोलन) को "मार्गदर्शनस्वरुप" दलका कार्यकर्ताले जग्गा कब्जा भएको संकेत दिनका लागि झण्डाहरु गाडे तर झण्डाहरु प्रहरीले सोही दिन कुनै घटनाबिना नै हटाएको बताइयो ।

माओवादीहरुको अलावा थुप्रै समूहहरु विगतका धेरै महिनाहरुदेखि कुनै मुद्दाका लागि राजनीतिक समर्थन दर्शाउन वा राजनीतिक ध्यान खिच्न "सांकेतिक" जग्गा कब्जामा संलग्न रहेका छन् । एक घटनाअनुसार नेकपा(मा)-मातृका यादव, मधेशी जनाधिकार फोरम-नेपाल, नेपाली कांग्रेस, मधेश मुक्ति टाइगर्स तथा मधेश नव निर्माण सेना नामको भर्खरै स्थापित समूहजस्ता धेरै समूहहरुले बिराटनगर नगरपालिकाको एउटै निजी जग्गामा झण्डा गाडे । यो सांकेतिक कब्जा गएको २५ वर्षदेखि सो निजी जग्गाको १.५ कट्ठामा बसिरहेका भूमिहीन जनताका पक्षमा राजनीतिक समर्थनको प्रदर्शन जस्तै थियो । केही महिनाअघि जग्गाधनीको निधन भएपछि उनको छोराले जग्गा बेचे र नयाँ जग्गाधनीले भूमिहीनहरुलाई जबरजस्ती हटाउन खोजे । जग्गाको त्यो खण्डलाई कब्जा गरिएको संकेत दिनका लागि थुप्रै समूहहरुले दलका झण्डाहरु गाडे । मार्च २०१० मा दलहरु नयाँ जग्गाधनी र भूमिहीनका बीचमा सरकारी अधिकारीहरुको सहयोगमा मध्यस्थता गर्न थालेको देखियो । अर्को घटनामा कोचिला स्वायत्त राज्य परिषदले नयाँ क्षेत्रिय रंगशालाका लागि छुट्याइएको बन्जनाथपुर गा.वि.स. को १८ बिगाहा सार्वजनिक जग्गा कब्जा गरेको घोषणा गरे । कब्जाको लक्ष्य रंगशाला निर्माण गर्नका लागि गठन गरिएको रंगशाला व्यवस्थापन समितिद्वारा कोषको प्रयोगमा पारदर्शिताको बढावा दिनु रहेको बताइएको थियो । उक्त स्थलमा जग्गा कब्जा भएको थियो भन्ने कुनै प्रमाण थिएन ।

नेकपा(मा)-मातृका यादव वा माओवादीहरुको संलग्नतामा भएका घटनाका अतिरिक्त पर्यवेक्षकहरुले एक राजनीतिक सूमहले गरेको एउटा कब्जाको घटना मात्र पहिचान गरे जहाँ उक्त दलले सम्पत्तिको नियन्त्रण राखेको थियो । मधेसी जनाधिकार फोरम-नेपालले जनवरी २०१० मा बिराटनगर नगरपालिकामा डेढ कट्ठा सार्वजनिक खेतीयोग्य जग्गा कब्जा गर्‍यो । मधेसी जनाधिकार फोरम-नेपालका प्रतिनिधिहरुले उक्त दर्ता नभएको भनिएको जग्गा दलको नयाँ कार्यालय निर्माण गर्न प्रयोग गर्न चाहेको बताए । माओवादीहरुले पनि आफ्नो प्रयोगका निम्ति त्यही जग्गामा आँखा लगाएको हुनाले मधेसी जनाधिकार फोरम-नेपालले अन्य दलको चासोलाई निषेध गर्न दलको झण्डा गाडेर उक्त जग्गा कब्जा गर्ने निर्णय गर्‍यो । मधेसी जनाधिकार फोरम-नेपालका जिल्ला प्रतिनिधिले यसले मधेसी जनाधिकार फोरम-नेपाल पनि जग्गा कब्जा गर्न सक्षम छ भनेर माओवादीहरुलाई "चेतावनी" दिने कार्य पनि गरेको बताए । मधेसी जनाधिकार फोरम-नेपालका प्रतिनिधिहरुले यदि उक्त जग्गा दर्ता नगरिएको र त्यसको मालिक कोही नभएको भए जग्गा फिर्ता नगरिने बताए । तथापि कुनै निजी मालिकले कब्जाबारे उजुरी गरेका छैनन् । स्थानीय बासिन्दाहरुका अनुसार अवस्थाको अवलोकन गर्न प्रहरीहरु आए तर कुनै हस्तक्षेप गरेनन् र झण्डा अझै जग्गामै छ । हाल मधेसी जनाधिकार फोरम-नेपाल जग्गामा आफ्नो कार्यालय बनाउन सुरु गर्नुअघि त्यहाँ भएको अन्न भित्रिने समय पर्खिरहेको छ ।

***धनुषा***

द्वन्द्वको अन्त्य भएदेखि यहाँ जग्गा कब्जाका केही नयाँ घटनाहरु भएका छन् । सेप्टेम्बर २००९ मा स्थानीय प्रशासनले कार्टर सेन्टरका पर्यवेक्षकहरुलाई द्वन्द्वपछिका जग्गा कब्जाका घटनाहरु लगभग एक दर्जन जति मात्र जानकारीमा आएको बताए । ती घटनामा अधिकांश नेकपा(मा)-मातृका यादव संलग्न भएको लगभग २३० बिगाहा छन् । नेकपा(मा)-मातृका यादवका प्रतिनिधिहरुले दलले २० भन्दा बढी स्थानमा जग्गा कब्जा गरेको बताए जुन समग्रमा २००० बिगाहा छ । दलले ११ बिगाहाको हदबन्दीभन्दा बढी स्वामित्व राख्ने कुनै पनि जग्गाधनी विरुद्ध कारवाही गरिरहेको बतायो र एक घटनामा उनीहरुले जग्गाधनीलाई जग्गा बेच्नबाट रोक्न कब्जा गरेको उदाहरण दिए किनकी उक्त स्वामित्व कानूनी नभएको उनीहरुको ठहर थियो ।

पर्यवेक्षकहरुले नेकपा(मा)मातृका यादवका जग्गा कब्जाका तीन घटनाहरुको अध्ययन गरे । एक घटनामा, नेकपा(मा)-मातृका यादवले पहिले द्वन्द्वकालमा माओवादीहरुले कब्जा गरेको एक जग्गाधनीको १८० बिगाहा जग्गा कब्जा गरे । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरिसकेपछि माओवादीहरुले उक्त जग्गामा नियन्त्रण राखेनन् र अन्ततः धेरै स्थानीय गाउँलेहरुले जग्गालाई नियन्त्रणमा लिए । जग्गा नेकपा(मा)-मातृका यादवबाट झण्डै एक वर्षअघि कब्जा भएको थियो र साना परिवारलाई दुई वा तीन कट्ठा र ठूलालाई पाँच कट्ठासम्म गरी स्थानीय गाउँलेहरुको बीचमा वितरण गरिएको थियो । स्थानीय बासिन्दाहरुको भनाइमा गाउँलेहरुले उक्त जग्गाबाट गएको वर्षमा आँपबालीबाट लगभग रु. २५,००० आम्दानी गरे जुन एक स्थानीय भण्डारगृह र मन्दिर बनाउन उपयोग गरियो । स्थानीय बासिन्दाका अनुसार जग्गाधनीले आफ्नो जग्गाबाट कुनै पनि आम्दानी पाउँदैनन् । उनी यस वर्षको सुरुतिर प्रहरी सुरक्षाका साथ जग्गामा आएको र जग्गा बेच्ने असफल प्रयास गरेको बताइयो ।

अर्को घटनामा, नेकपा(मा)मातृका यादवका कार्यकर्ताले जुन २००९ मा एक पूर्व साहुमहाजन र अनुपस्थित जग्गाधनीको ८० मध्ये ५१ बिगाहा खेतीयोग्य जग्गा कब्जा गरे । कब्जा गरिएको जग्गामा अहिले २०० भूमिहीन वा अर्ध भूमिहीन स्थानीय परिवार खेती गर्दछन् जसले नेकपा(मा)मातृका यादव वा जग्गाधनी कसैलाई पनि भाडा तिर्दैनन् । जग्गाधनीको जग्गा बेच्ने प्रयासलाई नेकपा(मा)-मातृका यादवका समर्थकहरुले रोकेको बताइन्छ । तेस्रो घटनामा, नेकपा(मा)-मातृका यादवले २००९ को सुरुतिर एउटा जग्गा कब्जा गरे जुन पहिले बेग्लै जग्गाधनीको थियो र पछि स्थानीय जनताको । स्थानीय बासिन्दाहरुको अनुसार, नेकपा(मा)-मातृका यादवका कार्यकर्ताहरुले जग्गा कब्जा भएको घोषणा गर्दै ब्यानर र पोष्टरहरु लगाए तर दलले जग्गाको नियन्त्रण कहिल्यै राखेन । स्थानीय गाउँलेहरुले उक्त कब्जालाई एक सांकेतिक अभ्यासबाहेक केही ठानेनन् र भने, “अधिकांश जग्गा स्थानीय बासिन्दाको हो त्यसैले हामी किन डराउने ? को आउँछ र स्थानीय जनतासँग लडाइँ गर्न ?”

सशस्त्र समूहहरुबाट भएका सांकेतिक कब्जाका धेरै विवरणहरु छन् जसमा ज्वाला सिंहले नेतृत्व गरेको जनतान्त्रिक तराई मुक्ति मोचा र जयकृष्ण गोइत नेतृत्वको अखिल तराई मुक्ति मोर्चा मुख्य छन् । जिल्ला प्रशासन कार्यालयको अभिलेखअनुसार अखिल तराई मुक्ति मोर्चा-गोइतले २१ ओटा जग्गा कब्जा गरेका छन् जबकि जनतान्त्रिक तराई मुक्ति मोर्चा-सिंहले २० ओटा । लक्षितहरु प्रायसः अनुपस्थित पहाडी जग्गाधनीहरु थिए जसको जग्गा द्वन्द्वको अवधिमा माओवादीहरुले कब्जा गरेर छाडेपछि कब्जा गरिएको थियो । अधिकांश अभिलेख भएका घटनाहरु विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएलगत्तैको मितिका थिए । पर्यवेक्षकहरुले त्यस्ता कब्जा भएको बताइएका धेरै गा.वि.स. हरुको भ्रमण गरे र हरेकमा उनीहरुले कब्जाको कुनै प्रमाण पाएनन् । नेकपा(मा)-मातृका यादवका एक प्रतिनिधिले दुवै सशस्त्र गुटले जग्गाधनीलाई जग्गा बेच्न र बेचिसकेपछि कमिशन लिनका लागि जनाउ दिन मात्र झण्डा गाड्ने गरेको बताए । सशस्त्र समूहहरुको जग्गा कब्जा सांकेतिक स्वभावको भए पनि त्यसको प्रभाव जग्गाको मूल्यमा उदासीनता र तराईबाट पहाडी परिवारको मुख्यतः पहाड वा काठमाडौं उपत्यकातिरको बसाइसराइमा परेको छ ।

***नवलपरासी***

वाइसिएलले सडक विभागको स्वामित्वमा रहेका तीन साना भवनहरु सन् २००६ देखि ओगटेको छ जहाँ लगभग १० व्यक्ति बस्छन् । भवन ओगटेका माओवादी कार्यकर्ताहरुले पर्यवेक्षकहरुलाई वाइसिएल कार्यकर्ता, माओवादी पूर्णकालिनहरु तथा विभिन्न भगिनी समूहहरुले यो स्थललाई जिल्लामा उनीहरुको आधारको रुपमा प्रयोग गरिरहेको र आवश्यक समयमा २०-१०० कार्यकर्तासम्म त्यहाँ बस्ने गरेको बताए । वाइसिएल प्रतिनिधिहरुले आफूले ती भवनहरुलाई “सम्पर्क केन्द्र” का रुपमा प्रयोग गरिरहेको बताए । यहाँ उनीहरु दलसँग सम्बन्धित तालिम गर्छन्, सूचना प्रसार गर्छन् र “गा.वि.स. बजेटको समतापूर्ण वितरण” सुनिश्चित गर्न गा.वि.स. का बैठकहरुको अनुगमन गर्छन् । उनीहरु त्यहाँ सर्दा ती भवनहरु सरकारले प्रयोग गरिरहेको थिएन र उनीहरुले त्यो स्थल ओगट्नुअघि सडक विभागका स्थानीय प्रमुखबाट अनुमति प्राप्त गरेको बताए । सडक विभागले अझै त्यस स्थलमा एउटा कार्यालय संचालन गर्छ र त्यो कुनै अवरोध बिना रहेको देखिन्छ । वाइसिएलका कार्यकर्ताले पर्यवेक्षकहरुलाई सडक विभागका केही कर्मचारीहरु माओवादी-सम्बद्ध ट्रेड युनियनका पनि सदस्य भएको बताए । सडक विभाग वा जिल्ला प्रशासन कार्यालयले माओवादीहरुलाई त्यस स्थलबाट हटाउन कुनै पनि प्रयास नगरेको बताइएको छ । प्रहरी र जिल्ला प्रशासन कार्यालय उनीहरुलाई दवावपूर्वक हटाउनुभन्दा द्वन्द्वलाई टार्न उत्सुक देखिन्छन् । उनीहरु सर्वदलीय बैठकहरुमा माओवादीले त्यो स्थल निकट भविष्यमै खाली गर्ने भनेर गरेको वाचाप्रति सन्तुष्ट भएको देखिन्छ ।

***कैलाली***

द्वन्द्वपछिका जग्गा कब्जामा एक नेकपा(मा)-मातृका यादवद्वारा प्रचार बटुल्नका लागि लक्षित भएको सहित थोरै मात्र उजुरी गरिएका घटनाहरु छन् । जनवरी २०१० मा नेकपा(मा)-मातृका यादवका कार्यकर्ताहरु निकटवर्ती जिल्लाहरुबाट कैलाली आए र उनीहरुले एक जना पूर्व प्रधानमन्त्रीका छोराको स्वामित्वमा रहेको एक चिनी मिल वरिपरिको ६५ बिगाहा जग्गा कब्जा गरे । तीन वर्षअघि बन्द भएको सो मिलका मालिकलाई दिइएको ऋण स्वामित्व हस्तान्तरण गर्न सकियोस् र नयाँ सञ्चालकले मिललाई पुनः सञ्चालन गर्न सकुन् भनेर सरकारले मिनाहा गरेको थियो । मालिकको ऋण मिनाहा गरिएको भए पनि सरकारले उक्त मिलमा आश्रित स्थानीय किसानलाई दिएको ऋण मिनाहा गरेन । नेकपा(मा)-मातृका यादवका प्रतिनिधिहरुले किसानका ऋणहरु पनि मिनाहा नगरिएसम्म नयाँ स्वामित्वअन्तर्गत पुनः सञ्चालन गरिनबाट रोक्न मिल कब्जा गरे । नेकपा(मा)-मातृका यादवले कब्जा गर्नुअघि मिलका पूर्व कर्मचारीहरु उक्त जग्गामा जबरजस्ती बसिरहेको बताइयो जो मार्च २०१० को अवधिमा सोही जग्गामा रहेको पाइयो । हाल नेकपा(मा)-मातृका यादवका प्रतिनिधिहरु जग्गाधनीसँग छलफलका क्रममा छन् र यदि किसानका ऋणहरु मिनाहा नभए मिललाई भत्काउने र जग्गा कब्जा गर्ने दावी गर्छन् । दलले जिल्लामा यस घटनाभन्दा अलग कुनै पनि जग्गा कब्जा नगरेको बताइएको छ ।

## आ. ओगटिएका जग्गा

***मोरङ***

नेकपा(मा)-मातृका यादव आफू बसोबास गर्न सक्ने सम्भावना भएको दर्ता नभएका जग्गाको खोजी गर्ने भूमिहीन जनताहरुलाई सक्रिय रुपले समर्थन गरिरहेको छ । कति पटक जग्गा कब्जाको सुरुआत भूमिहीन जनताले गरेको र समर्थनका लागि नेकपा(मा)-मातृका यादवलाई सम्पर्क गरेको पनि पर्यवेक्षकहरुले पाएका छन् । हालैका महिनाहरुमा दलले भूमिहीन अवैध बसोबास गर्नेहरुको पाँच समूहलाई जिल्लाका अलग अलग ग्रामीण र शहरी क्षेत्रमा दर्ता नगरिएका जग्गा पत्ता लगाउन सहयोग गरेका छन् । एक घटनामा, फेब्रुअरी २०१० मा नेकपा(मा)-मातृका यादवको समर्थनमा १०३ भूमिहीन परिवारको एउटा समूहले लगभग ३० बिगाहा जग्गा कब्जा गरेका थिए । ती भूमिहीनहरु कृषि मजदुर थिए जो लामो अनिकालले गर्दा आफ्ना साना टुक्रा जग्गाको भाडा तिर्न असमर्थ भएको विवरण छ । जिल्ला प्रशासन कार्यालयले उनीहरुलाई केही सहायता गर्न नसकेपछि उनीहरु नेकपा(मा)-मातृका यादवतिर आएको ती भूमिहीन जनताले बताए । भूमिहीनहरुले उक्त जग्गा दर्ता नभएको दावी गरे पनि जग्गाधनीको एक समूहले उक्त जग्गामाथि स्वामित्व दावी गरे । मे महिनाको शुरतिर प्रहरीले उनीहरुका केही झुपडीहरुमा आगो लगाएर उक्त बासस्थानलाई खाली गराउने प्रयास गरे परिणामस्वरुप सो प्रयास झडपमा परिणत भयो र केही भूमिहीनहरु घाइते भए । भूमिहीनहरु त्यसपछि पनि विवादित जग्गाको एक खण्डमा बसिरहे । अर्को घटनामा नेकपा(मा)-मातृका यादवको समर्थन पाएका भूमिहीन व्यक्तिहरुले डिसेम्बर २००९ मा बिराटनगरको एक दर्ता नभएको जग्गा कब्जा गरे । भूमिहीनहरुले उक्त जग्गा प्रयोग गर्न पाउनका लागि तत्कालिन माओवादी-नेतृत्वको सरकारलाई औपचारिक अनुरोध गरेको बताए तर त्यो निरर्थक भयो । नेकपा(मा)-मातृका यादवले हस्तक्षेप गरेर त्यस स्थानमा लगभग ६० परिवारलाई स्थापना, समर्थन र संरक्षण प्रदान गऱ्यो । जिल्ला प्रशासन कार्यालयले उक्त बसोबासको विरोध नगरेको बतायो र ती भूमिहीनलाई हटाउन कुनै प्रयत्न पनि गरिएको छैन ।

***नवलपरासी***

स्थानीय होटलका जग्गाधनीहरुले छुट्याएको एक टुक्रा सार्वजनिक जमीन ओगटेर अवैध बसोबास गर्ने भूमिहीनहरुलाई एनेकपा माओवादीले सहायता गऱ्यो । अखिल नेपाल किसान संघ (क्रान्तिकारी) ले सन् २००९ को उत्तरार्द्धतिर उक्त क्षेत्रमा दिवा मजदुरको रुपमा काम गर्ने ६० भूमिहीन परिवारको एक समूहलाई त्यस विवादित चौडा जग्गामा बसोबास गर्न सहयोग गरे । स्थानीय बासिन्दाहरुको अनुसार धेरै वर्षसम्म त्यहाँ होटलको सम्पत्तिको सीमाङ्कन गर्नका लागि काँडेतारको बार थियो तर गत वर्ष मालिकहरुले इँटाको पर्खाल लगाए र ८ वा ९ कट्ठा सार्वजनिक जग्गा घेरियो । स्थानीय शान्ति समितिले विवादलाई मध्यस्थता गर्न थुप्रै असफल प्रयासहरु गऱ्यो । शुरुमा स्थानीय जनता र दलका प्रतिनिधिहरुबीचमा सहमती कायम गर्न खोज्यो र त्यसपछि गा.वि.स. मा सर्वदलिय बैठक बसायो । सहमतिमा पुग्न असफल भएपछि स्थानीय शान्ति समितिले माओवादीको सहभागिता बिना जिल्ला प्रशासन कार्यालयमा एक प्रतिवेदन दियो । कार्यालयले त्यसपछि जबरजस्ती बसोबास गर्नेहरुलाई बलपूर्वक हटाउन प्रहरी पठायो । उनीहरुलाई हटाइने बित्तिकै पर्यवेक्षकहरुले जबरजस्ती बसोबास गर्नेहरुसँग अन्तर्वार्ता गरे । अन्तर्वार्ताबाट क्रान्तिकारी किसान संघका एक जना जिल्ला प्रतिनिधि उनीहरुलाई नियमित भेटिरहने र उनीहरुलाई त्यसै जग्गामा र नजिकैका अन्य सार्वजनिक जग्गामा पुनः बसोबास गर्न अर्को प्रयास गर्न प्रोत्साहित गरिरहने विवरण पाए । जबरजस्ती बसोबास गर्नेहरुलाई माओवादीहरुले पुरै स्थल सार्वजनिक हो भनेका छन् र अब उनीहरु त्यो ओगट्नु उनीहरुको अधिकार मान्दछन् । माओवादीहरुले यस जग्गा कब्जाका लागि यथेष्ठ समर्थन एकत्रित गर्न सफल भएका छन् र उनीहरु जबरजस्ती बस्नेहरुको अधिकार उपलब्ध गराउन सहयोग गर्न सक्छन् भन्ने विश्वास दिलाउन सफल भएको देखिन्छ ।

***दाङ***

मे २००९ मा नेपाल-भारतका सीमाना छेउमा बस्ने कम्तीमा ६०० भूमिहीन जनताहरु जग्गाको कानूनी स्वामित्व, सीमा सुरक्षामा बृद्धि, स्वास्थ्य चौकी तथा विद्यालयको मागसहित सतबरिया सामुदायिक जंगलमा जबरजस्ती पसे । अधिकांशको भनाइअनुसार तिनीहरुले आफू बसोबास गरेको क्षेत्रमा सशस्त्र समूहका गतिविधि तथा भारतीय सीमा सुरक्षा बलहरुको उत्पीडनको विरोध गर्ने माध्यमको रुपमा जंगलको जग्गा कब्जा गर्ने पहल गरेका थिए । स्थानीय माओवादी कार्यकर्ताहरुले बसाइसराईका लागि संगठनात्मक सहायता प्रदान गरे । तथापि उनीहरुको भूमिकाको मात्रा स्पष्ट छैन । यो कब्जा केन्द्रिय वा जिल्लातहको माओवादी निर्देशनको मातहत भएको हो भन्नेमा जिल्लास्तरीय नागरिक समाजका प्रतिनिधिहरुको शंका थियो । माओवादीका एक जना जिल्ला प्रतिनिधिले यो अतिक्रमण दलको जिल्ला तहका लागि एक आश्चर्य भएको बताए किनकि जिल्ला तहले जबरजस्ती बसोबास गर्नेहरुले उठाएका मुद्दाहरुको गम्भीरता पहिले महसुस गरेको थिएन ।

सुविधा सुदृढ बनाउन र नेपाल भारत सीमा क्षेत्रमा प्रहरीको उपस्थितिलाई आड दिन सरकार सहमत भएपछि कब्जा समाप्त भएको थियो तथापि एक वर्षपछि त्यहाँ खाद्य, स्वास्थ्य सुविधा, पिउन योग्य पानी तथा शिक्षामा थोरै प्रदर्शनीय सुधार भएको छ । माओवादीका एक जना जिल्ला प्रतिनिधिले हालै ती भूमिहीन जनताहरुलाई अन्तै बसोबास गराइनु पर्छ भने, किनकि उनीहरु हाल बसिरहेको सीमा क्षेत्र धेरै

उत्पादन हुन सक्ने मलिलो छैन र यो यति टाढा छ कि सरकारलाई सेवाहरु प्रदान गर्न असहज हुनेछ । जग्गा ओगट्न मार्गदर्शन गर्ने आधारभूत गुनासाहरु मुख्यतः सम्बोधन नगरिएकाले स्थानीय अधिकारीहरु तथा नागरिक समाज भविष्यमा त्यस्तै घटना हुन सक्ने सम्भावना रहेको ठान्दछन् ।

***कैलाली***

२००९ को उत्तरार्द्धतिरको डुँडेझारी वन अतिक्रमण माओवादी, भूमिहीन जनता तथा स्थानीय सरकारको बीचमा टक्करको चरम सीमामा पुग्यो र कम्तीमा चार व्यक्ति मारिए । डुँडेझारी वनको अतिक्रमण अखिल नेपाल भूमिहीन समाजको शुभेच्छामा माओवादीहरुले संयोजन गरेको प्रतीत हुन्छ । जंगलको अतिक्रमण माओवादीको राष्ट्रियतालाई प्रवर्द्धन गर्ने विरोध कार्यक्रमकै समयमा भयो र प्रारम्भदेखि नै सरकारसँग मुकाबला गर्न उत्तेजित बनाउन लक्षित देखियो । नोभेम्बर २००९ मा अखिल नेपाल भूमिहीन समाजले सूदुर तथा मध्य पश्चिम क्षेत्रभरि डुँडेझारी वनमा “सित्तैमा जग्गा” दिने वाचा सहितका पर्चाहरु फैलाए । १५,००० देखि २०,००० जति अतिक्रमणकारीहरु आए । तीमध्ये केही भूमिहीन भए पनि त्यहाँ धेरै अवसरवादी व्यक्तिहरु थिए । एक स्थानीय एमाले प्रतिनिधिले पनि जग्गाको एउटा टुक्रा पाउने आशामा आफू अतिक्रमणकारीहरुमध्येकै रहेको बताए । माओवादीहरुले अतिक्रमणकारीहरुका लागि एउटा ठूलो शिविर खडा गरे र त्यसपछि “बटालियन” झैँ संगठित गरे र त्यहाँ सैनिक-शैलीका तालिम प्रदान गरेको आरोप छ ।

डिसेम्बरमा स्थानीय सुरक्षा बल शिविरभित्र छिर्‍यो र बस्तीमा आगो लगाइदियो जसले प्रहरी र अतिक्रमणकारीहरुबीच झडप शुरु गर्‍यो । उक्त घटनामा कम्तीमा एक प्रहरी जवानसहित चार जनाको ज्यान गयो । तत्पश्चात् अतिक्रमणकारीहरुलाई फर्कन नदिन सशस्त्र प्रहरी बलले एक शिविर स्थापना गर्‍यो जुन यो लेखिएको समयसम्म कायम छ । माओवादीहरुको समर्थनमा अन्दाजी ३,०००-५,००० भूमिहीन देखिने जनता नजिकैको लम्की गा.वि.स.को एक सामुदायिक सभाकक्षमा सरे र अप्रिल २०१० सम्म लगभग १,५००-२,००० अतिक्रमणकारीहरु शिविर मै रहेका थिए । माओवादी शिविर नेताहरु हरेक अतिक्रमणकारीलाई १० कठ्ठा जग्गा दिइनुपर्ने माग राखिरहेका भए पनि उनीहरुले अधिकांश अतिक्रमणकारीहरु “दुई कठ्ठा मात्र भए पनि खुशी हुने” बताए । माओवादीहरुले त्यो स्थानलाई छनौटमा पारेर वा विकल्पको अभावमा बसिरहेका अतिक्रमणकारीहरुलाई खाद्य र औषधी सहयोग गरिरहेको बताइन्छ । शिविरभित्र र बाहिरको हिँडडुललाई बन्देज लगाइएको छ र अतिक्रमणकारीहरुलाई बाहिरियाहरुसँग नबोल्न निर्देशन दिए झैँ देखिन्छ ।

### ख. पहाड र हिमाल

द्वन्द्वको समाप्तिपछि पहाड र हिमालमा केही जग्गा कब्जाका घटनाहरु भएको विवरण छ र सबैमा माओवादीहरुकै जिम्मेवारी रहेको बताइएको छ । धेरै घटनाहरुमा जग्गा कब्जाहरु राजनीतिक उद्देश्यले भएका छन् जहाँ लक्षितहरु पूर्व पञ्चायतकालीन नेता तथा सैनिक अधिकारीहरुसहितका छन् । नयाँ कब्जाका केही लक्षितहरु द्वन्द्वको अवधिमा लक्षित गरिएकाहरु नै छन् । थोरै घटनाहरुमा माओवादीहरुले दलको कार्यालय स्थापना गर्न वा आफ्ना कार्यकर्ताहरुलाई आवास व्यवस्था गर्न जग्गा कब्जा गरेका छन् । अन्य मामिलामा जग्गा कब्जाहरु सांकेतिक अभ्यासका लागि गरिएका छन् जहाँ जग्गा कस्को नियन्त्रणमा छ भन्नेमा वास्तविकतामा केही परिवर्तन भएको छैन । एक घटनामा माओवादीहरुले सन् २००९ को उत्तरार्द्धतिर दलको सरकारविरुद्ध विरोध कार्यक्रमको एक खण्डमा एउटा जग्गा पुनः कब्जा गरे जो कहिल्यै फिर्ता गरिएको थिएन । अन्त्यमा, सुर्खेत वा रामेछाप दुवै जिल्लामा नयाँ कब्जा वा नियन्त्रणका विवरण थिएनन् ।

***संखुवासभा***

हालैका महिनाहरुमा माओवादीहरुले सहरी क्षेत्रका केही जग्गा कब्जा गरेको विवरण छ । विभिन्न घटनाहरुमा माओवादीहरुले “सामन्ती” जग्गाधनीका परिवारका सदस्यलाई लक्षित बताएका छन् जो द्वन्द्वको अवधिमा पनि लक्षित थिए । सन् २००९ को अन्त्यतिर माओवादीहरुले एक गा.वि.स. को मुख्य बजारका एक जग्गाधनी र उनको परिवारको स्वामित्वका दुई जोडिएका घरहरु कब्जा गरे । एउटा घर अहिले माओवादीको दलको कार्यालयका लागि प्रयोग भैरहेको छ भने अर्को घर दल आफ्नो नयाँ कार्यालयमा सर्ने बित्तिकै दलका कार्यकर्ताहरुबाट कब्जा गरिएको थियो । अर्को गा.वि.स. मा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भैसकेपछि फिर्ता भएको एक परिवारको जग्गा मार्च २००९ मा माओवादीहरुबाट पुनः कब्जा गरियो । यसको कारण उक्त जग्गा मोहीले दलसँग परामर्श नगरी खरिद गर्नु थियो । माओवादीका एक प्रतिनिधिले मोहीप्रति आफ्नो सहानुभूति रहेको बताए । तर दलले त्यो जग्गा फिर्ता गर्न सक्दैन किन कि यसले जग्गाधनीले जग्गा मोहीलाई सजिलै बेच्न सक्छन् भन्ने गलत उदाहरण स्थापित गर्छ भने । उनले अझ थप्दै भने, माओवादीहरु क्रान्तिकारी भूमिसुधार लागू नभएसम्म जग्गाको कारोबार रोक्न चाहन्छन् ।

***गोरखा***

पर्यवेक्षकहरुले जिल्ला सदरमुकाम नजिकै द्वन्द्व-पश्चात्का तीन ओटा जग्गाकब्जाका घटनाको छानबीन गरे । गोरखा नगरपालिकाको गोरखा हिल रिसोर्ट कब्जा; १७ रोपनी निजी कृषियोग्य जग्गा कब्जा; र ६-७ रोपनी कृषियोग्य जग्गा कब्जा । तीनै घटनाहरुमा लक्षितहरु पुरानो राजनीतिक व्यवस्थासँग सम्बन्ध भएका व्यक्तिहरु थिए - एक जना स्थानीय पूर्व पञ्च थिए र दुई जना सैनिकका पूर्व उच्च-पदस्थ अधिकारीहरु थिए ।

तीनमध्ये एक घटनामा माओवादीहरुद्वारा कब्जा गरिएको जग्गा फिर्ता भैसकेको छ । एक पूर्व सैनिक प्रमुखको स्वामित्वमा रहेको गोरखा हिल रिसोर्ट माओवादीहरुद्वारा मार्च २००७ मा कब्जा गरिएको थियो । दलले यसलाई वाइसिएल क्याम्पमा परिणत गऱ्यो र ३०-४० कार्यकर्तालाई बसोबास गराउनुका साथै दलका कार्यक्रमका लागि बैठकस्थलको रुपमा प्रयोग गऱ्यो । करिब दुई वर्षपछि, जनवरी २००९ मा माओवादी-नेतृत्वको सरकारलाई केन्द्रिय-तहको र जिल्लास्तरिय माओवादी कार्यकर्तालाई गोरखा जिल्ला प्रशासनको दवाव आएको भनिएपछि माओवादीहरुले जग्गा फिर्ता गरे । जग्गा फिर्ता गर्नुअघि वाइसिएल ले भवन तोडफोड गरे र झ्यालहरु चकनाचुर पारे । रिसोर्ट अहिले खाली भए पनि एक जना नातेदार बराबर भ्रमण गरिरहन्छन् किनिकि रिसोर्ट मालिकको कब्जा र फिर्ताबीचको अवधिमा निधन भैसकेको छ । स्थानीय बासिन्दाहरुले त्यस्ता श्रृंखलाबद्ध घटनाहरुप्रति माओवादीसँग रोष प्रकट गरे र रिसोर्ट मालिकको निधनप्रति दुःख माने । रिसोर्ट मालिकले सडक बनाएको, उक्त क्षेत्रमा विद्युत र पानी ल्याएको र रिसोर्ट सञ्चालन हुँदाको समयमा स्थानीयहरुलाई रोजगारीसमेत दिएको उनीहरुले दावी गरे ।

अन्य दुई घटनामा माओवादीहरुद्वारा कब्जा भएका जग्गा अझै फिर्ता भएका छैनन् । एक घटनामा जग्गाधनी आफ्नो जग्गा फिर्ता लिने प्रयासका लागि माओवादीका केन्द्रिय तहका प्रतिनिधिहरुसँग अनौपचारिक छलफलमा रहेको विवरण छ । दोस्रो मामिलामा, विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएलगत्तै माओवादीहरुको एउटा ठूलो समूहले एक जग्गाधनीको आधा जग्गा कब्जा गरे, उनको सम्पूर्ण बाली लगे र जग्गाधनीलाई एउटा खम्बामा बाँधे । उनीहरुले जग्गा कब्जालाई औचित्य दिन जग्गाधनीलाई सार्वजनिक जग्गा अतिक्रमण गरेको आरोप लगाए । (अर्को सम्भाव्य कारणको रुपमा एक स्रोतले पारिवारिक विवाद समेत उल्लेख गरे) । जुलाई २००८ मा माओवादीहरुले एक जग्गाधनीको सम्पूर्ण बाली नष्ट गरे जसले उनलाई सहायताका लागि राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक तथा नेपाली कांग्रेससँग अनुरोध गर्न प्रेरित गरायो । मार्च २०१० को स्थितिमा माओवादीहरुद्वारा कब्जा भएको एक खण्ड जग्गा अझै दलकै नियन्त्रणमा छ ।

***बैतडी***

डिसेम्बर २००९ पछि भएका दुई ओटा माओवादी जग्गा कब्जाका घटनाहरु पाइए जुन माओवादीको वृहत विरोध आन्दोलनको अंश भएको आरोप छ । तथापि पर्यवेक्षकहरुले दुवै घटनाको अनुसन्धान गरे र ती सांकेतिक कब्जाभन्दा केही नभएको पाए । पहिलो घटनामा माओवादीहरुले फिर्तै नगरेको जग्गा डिसेम्बर २००९ मा केवल प्रचारबाजीका रुपमा पुनः कब्जा गरे । दोस्रो घटनामा, माओवादीको किसान संगठनले एउटा लामो समयदेखि विवादित सामुदायिक वनको जग्गामा जनवरी २०१० मा झण्डा गाडे जुन जग्गा एक पूर्व प्रधानमन्त्रीको परिवारका सदस्यहरुको नाममा दर्ता भएको बताइन्छ । यो कब्जा सांकेतिक भए पनि यसले स्थानीय गाउँलेबीचमा केही समर्थन पैदा गरेको देखियो किनकि समुदायको मान्यतामा उक्त जंगलको जग्गा सार्वजनिक जग्गा थियो । माओवादीहरुले झण्डा गाड्नेभन्दा अरु केही गरेनन् र भोलिपल्ट प्रहरी झण्डा हटाउन आए जहाँ कुनै घटना भएन । जग्गाको गैरकानूनी दर्ताको आरोपको विवाद गा.वि.स. तहमा जारी रहेको बताइन्छ भने जिल्ला प्रशासन कार्यालयले आफूलाई समस्याको जानकारी नभएको दावी गऱ्यो ।

## ऐ. निष्कर्ष तथा सुझावहरु

नेपालमा असमानता भू-स्वामित्व र भूमिहीनतासम्बन्धी अवस्थित समस्याहरुको ऐतिहासिक जरो सन् १९५० पूर्वको भूमि अधिकार प्रणालीमा गाडिएको छ । सन् १९५० पछिका एकपछि अर्को शासनहरुले ती समस्याहरुलाई प्रभावकारी ढंगले सम्बोधन गर्न असफल भएकाले माओवादीहरुलाई दशक लामो सशस्त्र द्वन्द्वको अवधिमा हजारौं बिगाहा जग्गा कब्जा गर्दै आफ्ना भूमिसुधार कार्यसूचीहरुलाई एकपक्षीय ढंगबाट कार्यान्वयन गर्न उक्सायो । विस्तृत शान्ति सम्झौतामार्फत माओवादीहरु कब्जा गरिएका जग्गा फिर्ता गर्न राजी भए र सरकार "सामन्ती" भूमिसम्बन्धको अन्त्य र वैज्ञानिक भूमिसुधारका नीति निर्माणप्रति सहमत भयो । उल्लेखनीय रुपले जग्गा कब्जाबाट प्रभावित भएका व्यक्तिहरु र भूमिसुधारको पर्खाइमा रहेका भूमिहीन जनता तथा किसानहरुका गुनासाहरु कायम रहेको यो बखतसम्म यी सम्झौताहरु अंशतः मात्र पालना गरिएका छन् । दुवैपक्षका गुनासाहरुलाई निष्पक्ष सम्बोधन गर्नका लागि जग्गा फिर्ता र भूमिसुधारका प्रयासहरु विस्तृत शान्ति सम्झौताअनुरुप सँगसँगै गरिनुपर्छ ।

कार्टर सेन्टर नेपाली सरकारी अधिकारीहरु, राजनीतिक दलका सदस्यहरु, नागरिक समाज सदस्यहरु, संचारकर्मीहरुका साथै सर्वसाधारण नागरिकहरुलाई यो प्रतिवेदन तयार पार्नका लागि उदारतापूर्वक खर्चेको समय र श्रमका लागि धन्यवाद ज्ञापन गर्न चाहन्छ । सेन्टर डा.

जगन्नाथ अधिकारीलाई उहाँको सहायता तथा मार्गदर्शनका लागि विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छ । त्यसैगरी पर्यवेक्षण तथा प्रतिवेदन मस्यौदा प्रकृयाको अवधिभरि आफ्नो ज्ञानको योगदान गर्ने धेरै भूमि विशेषज्ञहरुलाई समेत धन्यवाद ज्ञापन गर्न चाहन्छ । आपसी सहयोग र सम्मानको आशयका साथ तपसीलका सुझावहरु प्रस्तुत गरिएको छ जसले भावी कार्यका लागि उपयोगी छलफलका बुँदाहरु प्रदान गर्नेछन् भन्ने आशा राखिएको छ । तपसिलका सुझावहरुमा अगाडि बढ्न सम्पूर्ण मुख्य दलहरुको समर्थनसहितको सशक्त सरकारको आवश्यकताप्रति ध्यान दिनु महत्वपूर्ण हुन्छ ।

**जग्गा फिर्तासम्बन्धी सुझावहरु**

- **देशभरि कब्जा भएका जग्गाहरुको एक आधिकारिक, विश्वसनीय एवं निष्पक्ष अभिलेख निर्माण गर ।** जग्गा कब्जाका घटनासँग सम्बन्धित आधिकारिक तथ्यांकका अस्पष्टताले कति जग्गा कब्जा गरिएको थियो र कति फिर्ता गरियो वा गरिएको छैन भन्ने निर्धारण गर्न असम्भवप्रायः बनाउँछ । जग्गा फिर्ता कार्यको पालनालाई अनुगमन गर्न जग्गा कब्जाका मुद्दाहरुको राष्ट्रव्यापी अभिलेख स्थापना गर्ने अभिप्रायले क्षेत्रीय वा जिल्लास्तरीय समितिहरुले सम्बन्धित घटनाहरुको सकृयतापूर्वक पहिचान, रुजु तथा दस्तावेज निर्माण गरी तिनलाई राष्ट्रिय जग्गा फिर्ता समितिमा पेश गर्नुपर्दछ । जनवरी २००९ मा निर्मित संसदीय अनुगमन समितिले खडा गरेको अभिलेखले यस प्रक्रियाको प्रस्थान विन्दु प्रदान गर्न सक्दछ ।

- **एनेकपा(मा) ले उसको नियन्त्रणमा रहेको पाइएका जग्गाहरु फिर्ता गर्नुपर्छ ।** माओवादीहरुले द्वन्द्वको अवधिमा कब्जा गरेका जग्गाहरु फिर्ता गर्ने प्रतिबद्धता जनाएका थुप्रै सम्झौताहरुमा हस्ताक्षर गरेको हुनाले उनीहरुले सम्भव भएसम्म ती प्रतिबद्धताहरु कार्यान्वयन गर्नुपर्दछ ।

- **जटिल जग्गा फिर्ता प्रकरणहरुलाई सम्बोधन गर्नेगरी संयन्त्रहरु निर्माण गर जसले क्षतिपूर्ति, पुनर्स्थापना, दीर्घकालीन सरकारी ऋण वा औचित्यअनुसार मोहीयानी अधिकारको वितरणसहितका विस्तृत सम्भाव्य समाधानहरु प्रदान गर्न सकून् ।** जग्गाधनीप्रतिका मोहीका गुनासाहरु, लामो समयदेखि बसेका वा पुनर्स्थापित गरिएका मोहीहरु आफ्नो दावी त्याग्न अनिच्छुक हुनु वा जग्गाधनीको निधन भएको अवस्था आदि कारणले गर्दा माओवादीहरु जग्गा फिर्ता गर्न असमर्थ भएका हुन सक्ने थुप्रै घटनाहरु छन् । यी मुद्दाहरुलाई सहमतिमार्फत निराकरण गर्न वा तिनलाई विशेष अथवा प्रशासनिक अंगमा सुम्पिनका लागि एक संयन्त्र निर्माण गरिनु पर्छ । निराकरणका लागि सम्भाव्य विकल्पहरुको नियमन गर्ने राष्ट्रिय सिद्धान्तहरुको एउटा संग्रहमाथि समझदारी गर्न सकिन्छ र यो रणनीति सुरुमा केही जिल्लाहरुमा परिक्षण गरेर पछि विस्तार गर्न सकिन्छ ।

- **एक विश्वसनीय एवं निष्पक्ष जग्गा फिर्ता अनुगमन संयन्त्र स्थापना गर ।** माओवादीको जग्गा फिर्ता कार्य पालनाको अनुगमन प्रयोजनका निम्ति एक राष्ट्रिय जग्गा फिर्ता अनुगमन संयन्त्र निर्माण गरिनु पर्छ । यसका साथसाथै स्थानीय तहमा समेत राजनीतिक दलका प्रतिनिधिहरु, सरकारी प्रतिनिधिहरु तथा स्थानीय सम्मानित नेताहरु सम्मिलित संयन्त्र निर्माण गरिनु पर्छ । स्थानीय समितिहरुलाई जग्गा निःशर्त फिर्ता गरिएको सुनिश्चित गर्ने तथा प्रगति विवरण राष्ट्रियतहमा पेश गर्ने कार्यभार सुम्पिन सकिन्छ । यस प्रयोजनका निम्ति जनवरी २००९ मा खडा गरिएको संसदीय अनुगमन समितिलाई ब्यूँत्याउन सकिन्छ ।

**भूमिसुधारसम्बन्धी सुझावहरु**

- **सार्वजनिक र निजी जग्गाको विस्तृत अभिलेख निर्माण गर ।** धेरै जिल्लाहरुमा दर्ता गरिएका तथा नगरिएका जग्गाहरुको सीमा स्थिर गर्न जग्गा नापका प्रयासहरु हाल जारी छन् । निजी तथा सार्वजनिक जग्गाबारेका वर्तमान विवादहरुको निराकरण गर्न तथा भावी द्वन्द्वबाट जोगिन यी प्रयासहरुलाई शीघ्र देशभरि पुऱ्याउनु पर्छ । समग्रमा जिल्ला मालपोत कार्यालयहरुमा निजी जग्गा स्वामित्वका अभिलेखहरु भए पनि राष्ट्रियतहको संयुक्त अभिलेख स्थापना गरिनु पर्छ । निजी जग्गा स्वामित्वको एक केन्द्रिय अभिलेखले अन्य विषयसहित देशभरिका निजी भूस्वामित्वको बृहत ज्ञान तथा विश्लेषण प्रदान गर्नेछ ।

- **भूमिहीनताको एक अभिलेख तयार गर ।** भूमिहीनताको तथ्यांक **पुरानो** र केही अपुरो छ । सन् २००१ मा गरिने नयाँ जनगणनाको समयसँगै जोडेर भूमिहीनहरुको एक विस्तृत अभिलेख निर्माण गर्नेतर्फ विचार पुऱ्याइनु पर्छ ।

- **भूमिसुधारका सुझावहरुको अध्ययन गर्न एक अन्तर्दलीय कार्यसमिति गठन गर ।** विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरिएदेखि माओवादी नेतृत्व र एमाले नेतृत्वका सरकार दुवैले वैज्ञानिक भूमिसुधारका लागि सुझाव पेश गर्न आयोगहरु गठन गरेका छन् । दुवै आयोगहरुका साथसाथै विगतका प्रासंगिक भूमिसुधार आयोगहरुले दिएका सुझावहरुलाई परस्पर सहमत

भएका सुझावहरुको पहिचान तथा बृहत्तर स्वीकारयोग्य भूमिसुधार नीतिहरुको प्रस्ताव  गर्ने उद्देश्यसहित एक अन्तर्दलीय समितिले अध्ययन गर्नुपर्छ ।

- **जग्गाका मुद्दाहरुमा समावेशी संवादका खातिर एक भूमि सम्मेलन आयोजना गर ।** भूमिको सम्बन्धमा विचारयोग्य मुद्दाहरु छलफल गर्ने अवसरका लागि भूमि सम्मेलन तथा/वा राजनेता, भूमि एवं विकास विशेषज्ञ, भूमि पक्षपोषक समूहका प्रतिनिधिहरु, अन्तर्राष्ट्रिय विशेषज्ञहरु तथा भूमिसुधारका अनुभवी अन्तर्राष्ट्रिय घटकहरु सम्मिलित श्रृंखलाबद्ध संवादहरुको आयोजना गर्न विचार पुऱ्याइनु पर्छ । त्यस्ता सम्मेलन तथा संवादका श्रृंखलाहरु अन्तर्दलीय कार्यसमितिद्वारा गरिने भूमिसुधार नीति निर्माणसँग प्रासंगिक हुनु सान्दर्भिक हुन्छ ।

- **जग्गा स्वामित्वको हदबन्दीको सम्बन्धमा साध्य विधिमा सहमति गर ।** वर्तमान कानूनहरुले तराईमा ११ बिगाहा, पहाडमा ७५ रोपनी तथा काठमाडौंमा ३० रोपनिको जग्गा स्वामित्व हदबन्दी तोकेका छन् । तथापि जग्गा हदबन्दी मुद्दाका बहसहरु जारी छन् (प्राथमिक रुपमा उचित हदबन्दीको तहको सम्बन्धमा, हदबन्दी व्यक्तिविशेषमा वा परिवारमा लागू हुने, संयुक्त परिवारका मुद्दालाई कसरी व्यवहार गर्ने, र हदबन्दीभन्दा बढी रहेको जग्गा नियन्त्रणमा लिँदा सरकारले क्षतिपूर्ति दिने वा नदिने) । यी बहसहरुको निराकरण गरिनु पर्छ र एक साध्य जग्गा हदबन्दी विधान पास गरी कार्यान्वयन गरिनु पर्छ ।

- **सरकारले हालै अघि सारेको योजनामा आधारित हुादै एक विस्तृत भू-उपयोग योजनामा सहमति गर ।** भूमि तथा विकास विशेषज्ञहरुद्वारा प्रारुप तयार पारिएको त्यस्तो योजना राजनीतिक दलहरुबीचको भूमिसुधारसम्बन्धी बहसहरुको जानकारीका लागि अघि सारिनु पर्छ । विशेषज्ञद्वारा निर्मित जग्गाको महत्व तथा उत्पादकत्व बृद्धि गर्ने विवरणसहितका भू-उपयोग योजनाले नीतिनिर्माताबीचको छलफलहरुका लागि जानकारी प्रदान गर्न सक्छ र भूमिसुधारप्रतिका राजनीतिक विवाद घटाउन सक्छ । सरकारको जुन २०१० मा प्रस्तावित योजना यस दिशामा प्रथम सकारात्मक कदम हो तर यो सबै सरोकारवालाहरुद्वारा वृहत्त रुपले स्वीकार्य हुनुपर्छ ।

- **भूमिसुधारका लागि साझा न्यूनतम कार्यक्रमको पहिचान गर र भूमिसुधार नीतिहरु लागू गर ।** नेपालको जारी संवैधानिक प्रकृया तथा संघीय संरचनाको संक्रमणकालकालीन योजनालाई ध्यानमा राख्दै अन्तर्दलीय समिति तथा भूमि सम्मेलनसँगको परामर्शपछि दलहरुले भूमिसुधारसम्बन्धी साझा कार्यक्रमहरु लागू गर्न सकिने गरी पहिचान गर्नुपर्छ ।